# फिक्कल गाउँपालिकाको सातौ गाउँसभाबाट स्वीकृत

# आ.व. २०७७।०७८ को वार्षिक नीति तथा कार्यक्रम

पारित मितिः २०७७ असार २७ गते

फिक्कल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
खाङसाङ, सिन्धुली।
वागमती प्रदेश, नेपाल।

## आर्थिक वर्ष २०७७/०७८ का लागि प्रस्तुत नीति तथा कार्यक्रम

१. देशको आमुल परिवर्तनको लागि, लोकतन्त्र, गणतन्त्र स्थापना एवं मुलुकको समृद्धिको महाअभियानमा लाग्दा लाग्दै आफ्नो जिवन आहुती दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिद प्रति भावपुर्ण श्रद्दान्जली व्यक्त गर्दै फिक्कल गाउँपालिकाकआब. २०७७।०७८ को नीति तथा कार्यक्रम बजेट सम्माननीय गाउँसभामार्फत फिक्कल गाउँपालिकाबासीहरु माझ प्रस्तुत गर्न गई रहँदा **समृद्ध नेपाल सुखी नेपाली** को राष्ट्रिय नारामा आधारित हुँदै **''सडक शिक्षा बिजुली फिक्कल विकासको पुर्वाधार कृषि वन र पर्यटन समृद्धिको मुल आधार** ''भन्ने नाराको साथ समृद्ध फिक्कल सुखी फिक्कल बासीको सपना साकार पार्ने महाअभियान पुरा गर्ने प्रतिबद्धता  दोहोऱ्याउँदै प्रस्तुत नीति तथा कार्यक्रम पेश गर्न गईरहेको छु ।

२. मुलुकको राजनैतिक परिवर्तन सँग समृद्द नेपाल सुखी नेपाली बनाउन स्थानीय तहलाई स्थानीय सरकारको रुपमा सेवा र विकासलाई जनताको घरदैलो सम्म पुर्याउने संबैधानिक परिकल्पना अनुसार लामो संक्रमणकाल पश्चात सम्पन्न भएको स्थानीय तहको निर्वाचन सम्पन्न पश्चात् जनताले आशा र भरोशाका साथ निर्वाचित गरि स्थानीय सरकारको नेतृत्व गर्ने जिम्मेवारी आएको सन्दर्भमा जनताको आशा र अपेक्षालाई पुरा गर्ने र हिजोका हाम्रा प्रतिवद्दता तथा परिकल्पनालाई सफल कार्यान्वयन गर्ने पुनः प्रतिवद्दता दोहोऱ्याउँदै सीमित श्रोत साधन र कठिन भौगोलिक अवस्थितिका बावजुद जनअपेक्षा र समृद्द फिक्कल गाउँपालिका निर्माणको महाअभियान पुरा गर्न प्रस्तुत नीति तथा कार्यक्रम मार्फत स्थानीय तहको सरकार दृढ संकल्पित छ ।

३. भौगोलिक विविधता, प्राकृतिक सुन्दरता, बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषतायुक्त फिक्कल गाउँपालिकामा सामाजिक र सांस्कृतिक धार्मिक सहअस्तित्वमा आधारित एकताबद्ध, सभ्य र सुसंस्कृत र विभेदरहित समाज निर्माण गर्ने नीति फिक्कल गाउँपालिकाले अवलम्बन गर्दै आएको सर्वविधितै छ । समाजमा विद्यमान सबै प्रकारका विभेद, बञ्चितिकरण र असहिष्णुताको अन्त्य गर्दै अबसरबाट पछाडि परेका र पारिएका वर्ग, समुदाय, जात, जाति र लिङ्गलाई विकास निर्माण र सेवा उपभोगमा समान हिस्सेदारीको वातावरण सिर्जना गर्दै स्वाभिमान र आत्मसम्मानको अनुभुति गर्ने अवस्थाको सिर्जना गर्न स्थानीय तहको सरकार यस फिक्कल गाउँपालिका सधैं प्रतिबद्ध छ ।

४. कोभिड-१९ महामारीका कारण मानव जातिमाथि शताब्दीकै सवैभन्दा ठूलो संकट पैदा भएको छ । विश्वस्तरमै यस महामारी विरुद्ध लड्न  मौजुदा स्वास्थ्य सेवा र सुविधाहरु अपर्याप्त देखिएका छन् । यस महामारीबाट लाखौ मानिसको ज्यान गईसकेको छ । अरु लाखौ संङक्रमित छन् । यस महामारीबाट संक्रमित भई नेपाल तथा नेपाल बाहिर जीवन गुमाउन हुने नागरिकहरु तथा शोकाकुल परिवार जन प्रति गहिरो समवेदना व्यक्त गर्दछु । उपचाररत सम्पूर्ण दिदीवहिनीहरु तथा दाजुभाईहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

कोभिड-१९ ले सवै मुलुकको अर्थव्यवस्था माथि गम्भिर धक्का पुऱ्याएको छ । विश्व पर्यटन तथा आवागमन अवरुद्ध छ । उद्यम व्यवसाय प्राय: बन्द छन्, उत्पादन र वितरण प्रणाली गम्भीर रुपमा प्रभावित भएको छ । लाखौंको रोजगारी गुमेको छ । दिगो विकासको लक्ष्य प्राप्तीमा ठुलो व्यवधान खडा भएकोछ ।

कोभिड-१९ को संक्रमण प्रारम्भ भए लगतै नेपाल सरकारले अवलम्बन गरेको स्पष्ट रणनीति,समन्वयात्मक कार्यशैली एवं सवै नेपालीको एकता,धैर्य र सहयोगले अहिले सम्म यस रोगको संङक्रमणबाट यस गाउँपालिका भित्र सबैको जीवन रक्षा गर्न नेपाल सरकारको नीति बमोजिम गाउँपालिका स्तरीय गाउँपालिकाको ४ नं वडा खाङसाङको श्री सुनकोशी मा.वि.मा ८ वेडको क्वारेन्टाईन र सामुदायिक स्वास्थ्य केन्द्रमा फिवर क्लिनिक छ वटै स्वास्थ्य चौकीहरुमा हेल्थ डेक्स स्थापना गरी अति आवश्यक औषधीको व्यवस्था गरी स्वास्थ्य सेवा प्रवाह गरीएको अवगत गराउदछौं । यस जोखिम पूर्णकार्यमा अग्रपंतिमा रहने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी एम्वुलेन्स चालकहरुका लागि सुरक्षाका लागि आवश्यक उपकरणहरुको पूर्ण व्यवस्थापन गरी कार्य संचालन गरिरहेको छौं । हाम्रा गाउँबासीहरुका लागि माक्स, सेनिटाइज हात धुने कर्नरको व्यवस्था साथै माक्सको उपयोग गर्ने वानी बसाल्ने जस्ता चेतना मुलक कार्यको प्रचार गरी सबै गाउँपालिका बासिहरुको जीवन रक्षा गर्न हामी सफल भएका छौं । सङ्क्रमण थप फैलिन नदिन भारत र विदेशबाट आएका नागरिकहरुलाई विभिन्न स्थानबाट उद्धार गरी क्वारेन्टाईनमा आर डी टी र पी सि आर परिक्षण गरी घर फिर्ता पठाउने कार्य समेत गर्दै आएको व्यहोरा जानकारी गराउँदछु साथै आगामी दिनमा अझ बढी सतर्कता, समन्वय र एकता आवश्यक भएकोले एक ढिक्का भएर दृढताका साथ लाग्न म सवैमा आव्हान गर्दछु ।

जोखिमपूर्ण परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्ने स्वास्थ्य कर्मी सुरक्षा कर्मी,एम्वुलेन्स चालक लगायत सम्पूर्ण गाउँपालिकाका कर्मचारीको म उच्च प्रशंसा गर्दछु । अत्यावश्यक वस्तुको आपूर्ति सहज वनाउन योगदान गर्ने सवै व्यक्ति तथा सङघ-संस्थाहरुलाई धन्यबाद दिन चाहन्छु । कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रणमका लागि नेपाल सरकारले चालेको कदममा पूर्ण साथ दिई सहयोग गर्नुभएकोमा म सम्पूर्ण दिदीवहिनी तथा दाजुभाइप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

महामारी रोकथाम,नियन्त्रण कार्यमा सहयोग पुऱ्याउनु हुने यस गाउँपालिकाका जनप्रतिनीधि कर्मचारी वर्ग स्वास्थ्य कर्मी सुरक्षाकर्मी राजनीतिक दल निजी तथा व्यवसायीक क्षेत्र संचार जगत महिला स्वास्थ्य स्वयम् सेविकाहरु र "कोरोना रोकथाम, नियन्त्रण र उपचार कोष" मा रकम उपलब्ध गराउने सम्पुर्णलाई धन्यबाद दिन चाहन्छु । आफै विश्वव्यापी महामारीसंग जुध्नु परिरहेको कठिन परिस्थितिमा समेत हामीलाई सहयोग पुऱ्याउने सङ्घ संस्था व्यक्ति र विकास साझेदारहरुको सराहना गर्दछु ।

५. भौतिक संरचना पर्याप्त नहुनु,अन्य स्रोत साधनको अभाव हुनु र हाल भईरहेको विश्वव्यापी महामारी कोभिड-१९ का कारण देश लकडाउन रहेको अवस्था लगायत कैयौं प्रतिकूलताका बावजुद गत वर्षहरुमा हासिल गरेका केही महत्वपूर्ण उपलब्धिहरू सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

१.गाउँपालिकाको सुशासन, विकास र समृद्धिको लागि नागरिक मैत्री सेवा प्रवाह गर्न अघिल्ला वर्षहरुमा महत्वपूर्ण ऐन, कानून, निर्देशिका र कार्यविधि निर्माण गरी कानूनी जग बसाल्ने काम भएको छ । गाउँपालिकाले गाउँपालिकाको आफ्नै प्रशासनिक भवन निर्माण गरी सेवा प्रवाह गरिरहेको छ । साथै गाउँपालिका मातहतका वडा नं. ५ सोल्पाठानाको भवन निर्माण कार्य पुरा गरी आफ्नै भवनबाट सेवा प्रवाह भईरहेको छ भने वडा नं. १,२,३ र ४ मा वडा कार्यालय भवन तिव्र गतिमा निर्माण कार्य भईरहेको छ । वडा नं २ पोखरी र वडा नं १ महादेवडाडाको कार्यालय भवनको निर्माण कार्य ठेक्का प्रक्रिया मार्फत र उपभोक्ता समिती कार्य संचालन भईरहेको छ ।

फिक्कललाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न २०७६ फाल्गुण ९ गते देखि १८ गते सम्म दोस्रो फिक्कल महोत्सवको आयोजना गरी संचालन गरिएको थियो । सिन्धुली जिल्लाको अग्लो स्थान फिक्कललाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न  भ्यु टावरलाई उच्च प्राथमिकतामा राखी निर्माणाधिन उक्त भ्यु टावर पुरागर्न गाउँपालिकाको वितिय समानीकरण अनुदानको रु.३० लाख उपभोक्ता समिति र स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संसद कोष संघ) बाट रु.५०लाखको ठेक्का प्रक्रिया मार्फत कार्य संचालन भईरहेको छ । चनौटेवाट गत वर्ष र नागदहबाट यसै वर्ष देखि पदमार्ग निर्माणको काम भइरहेको छ । अन्य पर्यटकिय पुर्वाधारहरु निर्माण कार्यको द्रुत गतिमा हुँदैछ ।

फिक्कल गाउँपालिका अन्तर्गतका सबै वडा र अधिकांश बस्तीहरुमा सडकको सन्जालमा जोडिएको छ । सडक सन्जालमा जोड्न बाँकी केही बस्तीहरुमा सडक सन्जालमा जोड्ने क्रममा रहेको साथै प्रदेश सरकार र प्रदेश पूर्वाधार विकास कार्यक्रम अन्तर्गत प्राप्त रु.८५ लाख वजेटबाट वडा नं ५ सोल्पाठानाको झगरे-सोल्पाभञ्ज्याङ्ग वडाकार्यालय सडक आर.सि.सि.ढलान कार्य यसै आर्थिक वर्षबाट सुरुआत गरिएको छ ।

२. कार्यपालिकाको कार्यालय वडा कार्यालयहरु तथा विषयगत शाखा वा ईकाईको सेवा प्रवाहलाई चुस्त बनाउन विधुतीय शासन पद्धतिलाई अवलम्वन गरि सूचना प्रविधिलाई उच्च प्राथमिकता दिई गाउँपालिकाले ओखलढुङगा जिल्लाको भिरगाउँमा ईन्टरनेट रिपिटर टावर निर्माण गरि गाउँपालिकाको कार्यालय लगायत र मातहतका ४ वटा वडा कार्यालयहरुमा द्रुत गतिको ईन्टरनेट सेवा संचालनमा रहेको साथै एरोनेट नेटवर्कको इन्टरनेट गाउँकार्यपालिकामा थप गरी कार्य संचालन भई रहेको र २ नं वडा पोखरीमा इन्टरनेटको लागि आवश्यक उपकरण र तार खरिदको लागि खरिद प्रक्रिया अघि बढिसकेको छ ।

सोल्पाठाना र महादेवडाडाँमा  स्वास्थ्य चौकी भवन निर्माणको क्रममा रहेको र चाडै सम्पन्न भई जनताले सर्वसुलभ रुपमा आधारभुत स्वास्थ्य सेवा प्राप्त गर्ने अवस्थाको सिर्जना गर्न हामी प्रतिवद्ध छौं। खाङ्गसाङ्ग स्वास्थ्य चौकी र रत्नावती स्वास्थ्य चौकीको भवन यसै वर्ष विर्माण गरिने छ। वडा नं. १,२,४ र ५ स्थित स्वास्थ्य संस्थाहरुमा वर्थिङ सेन्टर स्थापना गरी सेवा सेवा प्रवाह गरिरहेका छौं, क्रमस थप रत्नावती र खोलागाउँमा बथिङ्ग सेन्टर स्थापना गरी संचालनमा ल्याइनेछ । १५ सैयाको अस्पताल निर्माण कार्यको थालनी भइसेको व्यहोराको अवगत गराउँदछु । गाऊँपालिका बासीको स्वाश्थ्यमा पहुँच पुऱ्याउन गाउँपालिका स्थित वडा तथा बस्तिहरुमा आँखा जाँच तथा सल्यक्रिया शिविर, महिलाको पाठेघर सम्बन्धी

स्वास्थ्य शिविर संचालन गरी  स्थानीय स्तरमै दक्ष चिकित्सक सहितको स्वास्थ्य सेवा उपलब्ध गराएको छ । साथै नियमित आखाँ जाच तथा स्वास्थ्य परिक्षणका लागि तिलगंगा आखाँ प्रतिष्ठान, सामुदायिक आँखा केन्द्र मन्थली,रामेछाप र यस गाउँपालिकाको साझेदारीमा यस गाउँपालिकामा फिक्कल ग्रामिण आँखा क्लिनिक संचालन गरिएको छ ।

विधुतिकरणको कार्यलाई उच्च प्राथमिकतामा राखि फिक्कल गाउँपालिकालाई राष्ट्रिय प्रसारणलाईन नपुगेको स्थानिय तहको सुचीबाट हटाउँदै केन्द्रलाई राष्ट्रिय प्रशारण लाईनमा जोडीएको छ । मध्यपहाडी लोकमार्गको वाक्सु देखि नागथान यस फिक्कल गाउँपालिकाको वडा नं. २,३,४,५र६ को सडक क्षेत्रमा पोल विस्तार कार्य सम्पन्न गरीएको छ । खाङसाङको गाउँपालिका केन्द्र आसपासको बस्तीको घरधुरीहरु, मध्यपहाडी लोकमार्ग छेउका वडा नं २,३ र४ का बस्तीका घरधुरीहरुमा केन्द्रिय प्रसारण लाईनको विद्युत संचालनमा ल्याइएको छ र वडा न १,२,३,४,५ र ६ का अन्य बस्ती तर्फ शाखा लाईन विस्तारका लागि पोल र तारको विद्युत प्राधिकरसँगको साझेदारीमा काम भइरहेको छ ।

**३.** विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को कारण सृजित असहज परिस्थितिका कारण समस्या परेको यस गाउँपालिकाका १७०४ घरपरिवारलाई राहत प्याकेज (३० केजी चामल,१ लिटर सुर्यमुखी तेल र २ केजी आयोडिन युक्त नुन) कार्यक्रम बमोजिम राहत वितरण गरिएको ।

**४.**कोरोना भाइरस (कोभिड-१९) को रोकथाम,उपचार र नियन्त्रणका लागि नेपाल सरकारबाट जारी विभिन्न कार्यविधिहरु बमोजिम कोभिड संक्रमणको नियन्त्रणमा खटिने स्वास्थ्य कर्मी,सुरक्षा कर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा समाग्री (मास्क,पंजा,सेनिटाईजर,पिपिई सेट) हरु लगायत थर्मलगन आरडिटी पिसिआर परीक्षणको किटको समेत अभाव नहुने गरी व्यवस्थापन गरिएकोछ ।

**५.**यस गाउँपालिका भित्रका बासिन्दा अन्यत्र (देश/विदेशमा) काठमाण्डौ लगायत देशका विभिन्न स्थानब ( लुम्बिनि,पर्साको ठोरी गाउँपालिक/महोत्तरीको वर्दिबास)बाट उद्धार गरी आफ्नै क्वारेन्टाईनमा राखी नियमित चेकजाँच र अवधि पुरा भएपछि आरडीटी पिसिआर समेत गरी घर फर्काउने कार्य गरिएको छ । जसमा आरडीटी परीक्षणको रिजल्ट नेगेटिभ भई २ जना पुरुष र २ जना महिला, पिसीआर गरी १ जना महिला ४ जना पुरुष,जम्मा ९ जना महिला घर फर्कनु भएको र बाँकी हाल सम्म ४ जना पुरुष क्वारेन्टाईनमा रहनु भएको छ ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको कारण देश लकडानउन भएको अवस्थामा यस गाउँपालिका भित्रका नियमित औषधी सेवन गर्ने विरामीहरुलाई १ महिना वराबरको उक्त औषधी खरिद गरी उपलब्ध गराईएको छ ।

कृषि तथा पशु व्यवसाय प्रवर्धन गर्न विशेष कार्यक्रमहरु संचालन गरि कृषकहरुलाई आय आर्जनका अवसरहरु सिर्जना गरिएको छ ।

व्यवसायमा आधारित युवा स्वरोजगार, ढाका बुनाई तालिम, आँपको अचार तालिम,वाखा पालन तालिम लगायत कार्यक्रम संचालन गरि युवालाई रोजगारीको अवसर सिर्जना गरिएको छ ।

कृषिमा आधारित कृषकहरुलाई समयानुसारको मल,विउ,लगायत निश्चित प्रतिशत छुटमा कृषि उपकरण लगायतको सामाग्रीहरु वितरण गरिएकोछ ।

शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै शिक्षण सिकाईमा प्रविधिको प्रयोग गर्न अधिकांश विद्यालयहरुमा विज्ञान प्रयोगशाला तथा कम्प्युटर प्रयोगशालाको स्थापना गरि कम्प्युटर शिक्षक समेत व्यवस्था गरिएको छ । साथै पोखरी सामुदायिक सिकाई केन्द्र चण्डिभज्याङ्ग मार्फत संचालित १ महिने कम्प्युटर तालिम संचालन भएको र उक्त कार्यलाई निरन्तरता दिइने छ ।

सभाध्यक्ष तथा सदस्यहरु

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय सरकारलाई प्रदान गरिएको एकल अधिकार, संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझा अधिकार अनुसूची ९ मा रहेका अधिकार तथा स्थानीय सरकार संचालन ऐनको प्रयोग गर्दै गाउँपालिकाले विगतका वर्षहरुमा हासिल गरेका महत्त्वपूर्ण उपलब्धिको जगमा तयार गरिएको आगामी आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**१.आर्थिक विकास**

१.१ कृषि

**सडक शिक्षा बिजुली फिक्कल विकासको पुर्वाधार कृषि वन र पर्यटन समृद्धिको मुल आधार** नारामा आधारित हुँदै कृषिको विकासको लागि आज सम्म गरिएका असल प्रयासलाई सार्थक बनाउन र कमजोरीलाई हटाउने ध्येयले कृषि तथा पशुपंछी विकास मन्त्रालयले संरक्षित कृषि,सुनिश्चित बचत भन्ने नारा अन्तर्गत ५ वटा नीतिगत आधार सहितको कृषि विकासको अवधारणा बमोजिम तपसिलमा उल्लेखित आधारहरु बमोजिम कार्यान्वयन गर्न सम्वन्धित मन्त्रालय तथा संघीय सरकारसंगको समन्वयमा सो कार्यक्रमहरु संचालनको व्यवस्था गरिएको छ ।

तपसिल :

१.उत्पादन सामाग्री अनुदान

२.सस्तो र सुलभ ऋृण

३. सबै किसानलाई प्राविधिक सेवा

४.सबै बालि वस्तुको वीमा

५.न्युनतम बचतको ग्यारेन्टी

(क) प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत वाड नं. १ महादेवडाडाँमा संचालित अलैची र दमारमा संचालित आलु पकेट लाई थप प्रभावकारी रुपमा संचालन गरिने छ । सो बाहेकका अन्य क्षेत्रका लागि सम्भाव्यताका आधारमा उन्नत जातका आपँ, जुनार, कागती, किवि चियाको पकेटको विस्तार गरिने छ फलफुल विरुवा तथा धान, मकै र गहुँ आदिको वीउ खरिदमा कृषकलाई १०० प्रतिशत अनुदान समुह सहकारी मार्फत उपलब्ध गराईने व्यवस्था गरिनेछ ।

(ख) गाउँपालिका वडा नं.३ चनौटे महामण्डल नागदह माझखर्क सोलीडाँडा भडिखोर काफलचुरी धिमलडाँडा मलायोटार नागदहलाई आलु पकेट क्षेत्र तथा ब्लकमा रुपान्तरण गरिने छ साथै पाथीभारा क्षेत्रलाई कागती पकेट क्षेत्र घोषणा गरि कार्यक्रम संचालन गरिनेछ, किवी पकेट क्षेत्रलाई ब्लकमा बिस्तार गरिने छ ।

(ग) विदेशवाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सुचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण,सेवा व्यवसाय,उद्योग,कृषि लगायतका क्षेत्रका रोजगारदाताहरु समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गर्ने व्यवस्था मिलाईने छ ।

(घ) गाउँपालिका क्षेत्रभित्र घुम्ती प्रयोगशाला मार्फत माटो परिक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

(ङ) कृषकले उत्पादन गरेका कृषि उपजहरुको बिक्रि वितरणको लागि प्रत्येक वडाको उपयुक्त स्थानमा हाटवजार साथै रस्टिक हाउस तथा कृषि उपज संकलन केन्द्रहरुलाई व्यवस्थित रुपमा संचालनमा ल्याइने छ साथै गाउँपालिका स्तरमा आधुनिक कोल्ड स्टोर संघिय सरकार प्रदेश सरकारलाई अनुरोध गरी निर्माण गरिनेछ ।

(च) कृषिमा आधुनिकिकरण र यान्त्रिकरणका लागि कृषिमा आधारित कृषक समुह र कृषक सहकारीलाई उपकरण खरिदमा ८० प्रतिशत अनुदान दिने व्यवस्था मिलाईनेछ ।

(छ) परम्परागत पशुपालन व्यवसायलाई व्यवसायिक र आधुनिक पेशामा रुपान्तरण गर्नको लागि गोठसुधार तथा भकारोसुधार कार्यक्रम निरन्तरता प्रदान गरीएकोछ ।

(ज) पशुपालक कृषकहरुलाई पशु विमा कार्यक्रम संचालनका लागि बजेटको व्यवस्था गरिएको छ ।

(झ) कृत्रिम नश्लसुधार कार्यक्रम संचालनको लागि बजेटको व्यवस्था गरिएकोछ ।

(ञ) पशुपालनको लागि पकेट क्षेत्रको पहिचान गरि पशु व्यवसायमा आधारित युवा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

(ट) सामुहिक, चक्लान्दी र सहकारी खेतीको अध्ययन गरी लागु गरिनेछ ।

(ठ) सामुहिक रुपमा व्यवसायिक कृषि खेती गर्नेलाई विशेष अनुदानको व्यवस्था गरिनेछ ।

(ड) दुधजन्य पदार्थ उत्पादन गर्ने किसानलाई प्रोत्साहन गरी गाउँपालिका क्षेत्रभित्र दुधजन्य पदार्थको संकलन, प्रशोधन तथा बिक्रि वितरण गर्नको लागि डेरीको स्थापना गरिनेछ ।

(ढ) व्यवसायिक रुपमा पशुपालन गरी बार्षिक ५० वटा भन्दा बढी बाख्रापालन गर्ने  किसानलाई प्रोत्साहन तथा पुरस्कार दिने विशेष कार्यक्रम ल्याईनेछ ।

(ण) कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशीलताको प्रर्वद्धन गर्न मल,विउ,कीटनाशक औषधीको उपलब्धता,उत्पादित वस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थामा सहजीकरण गर्न र सिचाई सुबिधा प्रवर्धन गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ ।

(त) किसानको लागत मुल्य प्राप्तीको सुनिश्चतताको लागि कृषि वाली विमा कार्यक्रमलाई प्रोत्साहित गर्न नीतिगत तथा कार्यक्रमगत  व्यवस्था गर्ने ।

(थ) कृषि,पशुपालन,लघु तथा घरेलु उद्यम/उद्योग,सीपमुलक कार्यक्रम संचालन गरी रोजगारी र आयआर्जन अभिबृद्धि गरिनेछ ।

(द) स्थानीय तह भित्र रहेका बाँझो जग्गाहरुको एकीकृत तथ्याङ्क संकलन गरी सो को वर्गिकरण गरी पूर्ण उपयोगको व्यवस्था मिलाईने छ ।

(ध) गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक(ऐलानी) पर्ति जग्गा लगायत अन्य फिक्कल बासीहरुको व्यक्तिगत,संस्थागत जग्गाहरुको नापजाँच तथा जानकारीका लागि सहज बनाउन करार सेवा शुल्क शीर्षकबाट तलब भत्ता लगायतको सेवा सुविधा भुक्तानी हुने गरी गाउँपालिकालाई आवश्यक रहेको १ जना अमिनको दरवन्दी सृजना गरी उक्त पदमा सेवाकरारमा भर्ना गरी सेवा प्रवाहलाई चुस्त बनाउनका लागि आवश्यक बजेटको व्यवस्था गरिएकोछ ।

(न) स्थापना गरिएको खाद्य बैंक व्यवस्थित र प्रभावकारी बनाइने छ ।

(त)संघ सरकार प्रदेश सरकारसँगको सहकार्यमा कृषि एम्बुलेन्स व्यवस्थापन गरिनेछ ।

(थ) खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्न धान, मकै, गहुँ, र आलु उत्पादक किसानहरुलाई उत्पादन बृद्धि परिमाणको आधारमा प्रोत्साहन मूल्य सहायता प्रदान गरिने छ ।

(द) व्यवसायीक नगदेवालीलाई प्रबर्द्धन गर्न गाउँपालिका भित्रका बडाहरुमा जमिनको प्रकृति अनुरुप गाउँपालिकाको विशेष पहिचानका लागि कफि, कागती, किवी र केरा गरि ४ 'क' उत्पादन कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

(ध)स्थानीय विऊविजन जोगाउन कृषि सहकारी संस्था मार्फत विऊविजन वैंक स्थापना गरिनेछ ।

(न) गाउँपालिका क्षेत्र भित्र घुम्ती कृषक पाठशालाको स्थापना गरी अगुवा कृषक तयार पारिने छ ।

(प) हरेक वडामा १/१ जना कृषि प्राविधिकहरु वाह्रै महिना परिचालन गरिने छ । आवश्यकता अनुरुप पशु चिकित्सकको व्यवस्थालाई निरन्तरता गरिनेछ ।

(फ) तरकारी, मसलाबाली, फलफूल, जडिबुटि तथा पोसिलो घाँसको विऊ एवं बिरुवा वितरण गरिनेछ ।

(ब) व्यवसायिक कृषकका लागि सहुलियत दरको ऋण ब्यवस्था गर्न स्थानीय सहकारीहरुलाई अनुदानको लागि कृषि ऋण सहायता कोषको स्थापना गरिने छ ।

(भ) ठूलो परिमाणमा कृषि तथा पशुपालन सम्बन्धी ब्यवसायिक फर्म स्थापना गर्न चाहने ब्यक्तिहरुलाई भूमि बैंक मार्फत जमिनको ब्यवस्था तथा यन्त्र उपकरण प्राप्तिमा सहयोग व्यवस्था मिलाईएको छ ।

(म) कृषिको लागत मुल्य घटाइ कृषकलाई ब्यवसायीकता तर्फ आकर्षित गर्न १० घर एक मिनी टिलरहरु पावर टिलर प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

(य) खाली जमिनको उपयोग गरि कृषकको आम्दानीमा वृद्धि गर्न खोला-खोल्सामा अलैचि : कान्ला-पाखामा अम्रिसो कार्यक्रम सञ्चालन गरिनेछ ।

(र) गाउँपालिका भित्र रहेको खाली सार्वजनिक जमिनलाई उपयोग गरि जमिनको प्रकृति अनुरुपका उत्पादन गर्न ब्यक्ति वा समूहलाई लिजमा जमिन उपलब्ध गराइनेछ ।

(ल) गाउँपालिका क्षेत्र भित्र कृषि उत्पादनको बजारीकरणलाई व्यवस्थित गर्न एग्रो टेडिङ कम्पनी स्थापनाका लागि सम्वन्धित निकायहरु मार्फत पहल गरिएको छ ।

(व) बहुउपयोगी हाईटेक डालेघास तथा फलफुल,जडिबुटी नर्सरी स्थापना गरिएको छ ।

## १.२ संस्कृति तथा पर्यटन विकास

(क) सिन्धुली जिल्लाको सर्वोच्च फिक्कल चुचुरोमा निर्माणाधिन पर्यटकीय फिक्कल भ्यु टावरको निर्माण कार्य यही वर्षमा पुरा हुने छ । साथै फिक्कल ३ चनौटेबाट टावरसम्म जाने पदमार्गमा चनौटे र महाकांली मन्दिर तर्फबाट सिडि निर्माण र टावर रहेको स्थानमा उद्धान, विश्रामस्थल, पिक्निक स्पट,खानेपानी र महांकाली मन्दिरको व्यवस्थापन प्याराग्लाईडिङ ऱ्याफ्टिङ पदमार्ग जंगल सफारी कल्लेरी बालकृष्णेश्वर मन्दिर फिक्कल गडी दमारचौकी चित्रेनागी पदमार्ग सांस्कृतिक संग्राहालय  लगायतका पुर्वाधार निर्माणको लागि आवश्यक बजेट व्यवस्था गरि फिक्कललाई प्रमुख गन्तव्य स्थलको रुपमा घोषणा गरि पर्यटन प्रवर्धन गर्न सम्बन्धित निकायलाई अनुरोध गरिनेछ । साथै फिक्कल पर्यटकिय स्थल जाने मुख्य मार्गको रुपमा रहेको सुन्नामबेशी -लुम्ती -चनौटे-महादेवडाडा सडकको फिक्कल २ करमडाडामा पार्क ठुलो आहाल पार्क

नागदह पोखरी हिलेधाप पोखरी महादेव मन्दिर केराउवारी सिद्धेश्वर मन्दिर सिद्धथाम मलमदेवी थान होमस्टे व्यवस्थापन तथा निर्माण गरि पर्यटन प्रर्वद्धन गरिने ।

(ख) यस गाउँपालिकाको ऐतिहासिक र धार्मिक पहिचान बोकेको सिन्धुली जिल्लाकै सवैभन्दा अग्लो स्थानमा रहेको रचनेथाम खेलमैदानको गुरुयोजना तयार भईसकेकोले सोही बमोजिमको कार्यगर्न सम्वन्धित निकायमा पहल गरि संचालन गरिनेछ ।

(ग) फिक्कल गाउँपालिका वडा नं. ३ खोलागाउँस्थित चनौटेमा गुणस्तरीय होमस्टे सेवा संचालन गर्नको लागि आवश्यक पुर्वाधार तयार गर्न बजेटको व्यवस्था गरिने छ । साथै अन्य वडाहरुमा पनि उक्त कार्यक्रम विस्तार गरिदै लगिनेछ ।

(घ) पर्यटकीय चुचरो फिक्कलदेखि रचनेथाम, चित्रेनागी, दुधौली, सिन्धुलीगढी उदयपुरगडी पदमार्ग निर्माणको लागि छिमेकी गाउँपालिका नगरपालिकासगँ सहकार्य गरि सम्भाव्यता अध्ययन गरि संचालनमा ल्याईनेछ । साथै जंगल सफारीको सम्भाव्यता अध्ययन पुर्वाधार निर्माण गरिनेछ ।

(ङ) फिक्कल पर्यटन सम्भाव्यता आध्ययन प्रतिवेदनको मार्गदर्शनलाई कार्यान्वयन गरिनेछ ।

(च) दैनिक उपभोग्य सामग्रीहरु उपलब्धताको आधारमा गाउँपालिका क्षेत्रभित्र उत्पादन भएका तथा स्वदेशी उत्पादनका सामानहरुलाई प्राथमिकता दिई प्रयोग गरिनेछ ।

(छ) गाउँपालिकाबाट प्रदान गरिने मायाको चिनो, उपहारहरु दिँदा अनिवार्य गाउँपालिका क्षेत्रभित्र उत्पादन गरिएका सामग्रीहरु प्रयोग गरिनेछ ।

(ज) वन, वातावरण, जडिबुटी र कृषिमा आधारित पर्यटन विकासलाई विशेष जोड दिईनेछ ।

(झ) धार्मिक पर्यटनको प्रवर्दन गर्न ऐतिहासिक पक्षको आधारमा मंहाकाली मन्दिरमा मेला लाग्ने व्यवस्था गरिनेछ ।

(ञ) यस गाउँपालिका अन्तर्गत सोल्पाठानाको डाँडागाउँलाई बहुउपयोगी पार्कमा विस्तार गरिनेछ ।

(ट) यस गाउँपालिका अन्तर्गत २ नं पोखरीको चेत-ईन्द्र स्मृति पार्क र फिक्कल ५ सोल्पाठानाको उद्धव स्मृती पार्कको विकास संरक्षण,सम्वर्द्धन लाई निरन्तरता दिने साथै उक्त पार्कहरुमा कार्यरत बगैंचे मालीहरुको सेवा करारलाई निरन्तरता दिने व्यवस्था मिलाईएको छ ।

(ठ) यस गाउँपालिका अन्तर्गत ६ नं रत्नावतीको ठुलो आहाल विचरण पार्कको विकास संरक्षण,सम्वर्द्धन लाई निरन्तरता दिइनेछ ।

(ड) प्रमुख पर्यटकिय क्षेत्र फिक्कल चुचुरोको असपास रहेको वनक्षेत्रलाई सीमांकन गरी धार्मिक तथा पर्यटकिय वन व्यवस्थापन गर्न बजेटको व्यवस्था गरिएको छ ।

(च) ऐतिहासिक धार्मिक महांकालीदेवी मन्दिर,महादेव मन्दिर केराउबारी लगायत तथा पर्यटकीय स्थानहरुको संरक्षणका लागि पहिचान गरि वजेटको व्यवस्थापन गरिनेछ ।

(छ) रचनेथाममा प्राकृतिक पार्क तथा पिकनिक स्पोँट निर्माण गरिने छ ।

### १.३ सहकारी तथा वित्तीय क्षेत्रः

(क) गाउँपालिकामा संचालित सहकारी संस्थाहरुलाई सहकारी तथा चक्लाबन्दी खेती, बजार प्रवर्धन लगायत स्वरोगजारका कार्यक्रमहरुमा संलग्न हुने उत्प्रेरित गरिनेछ ।

(ख) गरिबी निवारण मार्फत संचालित सामुदायिक सस्थाहरुको कोष सहकारीमा रुपान्तरण गरी उत्पादनमा लगानी गरिने छ उक्त कार्यका लागि सामाजिक परिचालनको माध्यमबाट संचालन गर्न एक वडा एक सामाजिक परिचालक रहने गरी संचालन गरिने छ । साथै विकासका कार्यक्रम सामुदायिक सस्थाको साझेदारीमा समेत गरिने छ ।

(ग) विभिन्न कार्यक्रम तथा आयोजनाहरु मार्फत समुदायस्तरका समुहहरुलाई उपलब्ध गराएको पूँजी रकम र समुहहरुले गरेको वचत रकमको लागत स्थानीय तहबाट अद्यावधिक गरी सो रकम रोजगारी सिर्जना,आय आर्जन र उत्पादन मुलक कार्यमा परिचालन गरिनेछ ।

## १.४ उधोग विकास

(क) उधोग व्यावसाय प्रबर्धन गर्न गाउँपालिकामा एक उधोग साखा स्थापना गरि सहायक स्तरको कर्मचारीको व्यस्थापन गरिनेछ ।

(ख) उद्यमीहरुको उद्योग व्यवसाय दर्ता तथा प्रवर्धन गर्न सहयोग गरिनेछ ।

(ग) उद्यमीहरुलाई उद्योग संचालन गर्न आवश्यक औजार तथा उपकरणहरु आवश्यक कार्यविधी बनाई अनुदानमा उपलब्ध गराईनेछ

(घ) महिलाको नाममा उद्योग तथा व्यवसाय दर्ता गर्दा लाग्ने शुल्कमा ५० प्रतिशत छुट गरिनेछ ।

(ङ) गाउँपालिकामा उद्योग ग्रामको स्थापना गर्न उपयुक्त स्थानको पहिचान गरि संघीय सरकार र प्रदेश सरकारको समन्वयमा उद्योग स्थापना गरिनेछ ।

(च) स्थानीय कच्चा पदार्थमा आधारित दैनिक उपभोग्य सामग्रीहरु उत्पादन गर्ने लघु उद्यमीहरुलाई लघु उद्यम विकास कार्यक्रम संचालन गरिनेछ ।

(छ) ५० लाख भन्दा माथि लगानी गरी उद्योगको स्थापना गर्ने व्यावसायीलाई आर्कषित गर्न विशेष कार्यक्रम ल्याईनेछ ।

(ज) वैदेशिक रोजगारीमा रहेका नागरिकहरुलाई गाउँपालिका क्षेत्रभित्र लगानी गर्न प्रोत्साहन गर्ने कार्यक्रम ल्याईनेछ ।

(झ)गाउँपालिका क्षेत्रभित्र लगानी भित्राउनको लागि परियोजना बैंकको लगानी सम्मेलनको आयोजना गरिनेछ ।

(ञ) स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न सीपमुलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको वजारीकरणको सुनिश्चतता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेट व्यवस्था गर्ने ।

(ट) गाउँपालिका स्तरीय शीत भण्डार र दुध डेरी स्थापनाको लागि संघ/प्रदेश सरकार संग समन्वय गरी बजेटको व्यवस्था गरिनेछ ।

(ठ) यस गाउँपालिका भित्र स्थापना भएका तर स्थानीय स्तरमा कच्चा पदार्थको अभावका कारण बन्द हुन गएका उद्योगहरुको अवस्थाको पहिचान गरि विशेष अनुदानको व्यवस्था गरिनेछ ।

(ड) कोरोनाको कारण प्रभावित उद्योग व्यवसायको लागि व्यवसाय प्रवर्धन गर्न व्यवसाय उत्थान कार्यक्रम संचालनमा ल्याइने छ ।

(ढ) ब्यवसायीक क्षेत्रमा लाग्न चाहने यूवाहरुलाई आधारभूत तालिम, यन्त्र उपकरण सहयोग र अवलोकन भ्रमणको ब्यवस्था मिलाइनेछ ।

(ण) बैदेशीक रोजगारबाट फर्केका तथा बेरोजगार युवाहरुको तथ्याङ्क संकलन गरि उनीहरुलाई स्वरोजगारमुलक तालिम र सिपको परिक्षण गरि श्रम बजारमा पठाइने छ ।

(त) गाउँपालिका केन्द्रमा बाणिज्य वैंकको शाखा मार्फत वडाहरुमा बैंकीङ सेवा केन्द्र सञ्चालनमा ल्याइने छ । सो मार्फत वित्तिय साक्षरता र १ परिवार १ वैंक खाता अभियान सञ्चालन गरिनेछ ।

(थ) गाउँपालिका भित्र उत्पादनमुलक व्यवसाय सञ्चालनका लागि सहुलियत दरको ऋण व्यवस्था गरिनेछ । वैदेशीक रोजगारीबाट फर्केका  तथा बेरोजगार २०० जना यूवाहरुलाई ब्यवसायीक कृषि र स्वरोजगारमुलक उद्यममा संलग्न गराउन सहुलियतपूर्ण कर्जा सुविधा उपलब्ध गराइनेछ ।

(द) किशोर विद्यार्थीहरुलाई उद्यम, उत्पादन तथा ब्यापार ब्यवसायको महत्व वोध गराउन हरेक माद्यामिक विद्यालयमा महिनाको अन्तिम शुक्रबार विद्यालयस्तरीय हाटबजार सञ्चालन गरिनेछ । विद्यार्थीहरुले घरमा उत्पादित सामाग्री बेच्ने, सटही गर्ने साथै विद्यार्थी तथा अभिभावकहरुले आवश्यक सामाग्री खरिद गर्ने प्रणाली शुरु गरिनेछ । अभ्यास गराउने ।

## २.सामाजिक विकास

### २.१ शिक्षा

(क) विद्यालय वन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम बैकल्पिक विधिहरुको प्रयोग गरी विद्यालय उमेरका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गरी पठनपाठन सुचारु गर्न आवश्यक वजेट व्यवस्था गर्ने ।

(ख) गाउँपालिका स्थित सामुदायिक विद्धालयहरुका कक्षा ५ सम्म अध्ययनरत विद्धार्थीलाई स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

(ग) गाउँपालिका अन्तर्गतका संचालित १२ वटा माध्यामिक र ६ वटा आधारभुत विद्यालयहरुमा कम्प्युटर पूर्वाधारको व्यवस्थापन र दरवन्दी सिर्जना भएका उल्लेखित विद्यालयहरुमा थप कम्प्युटर  तथा शिक्षकहरुको लागि तालिमको व्यवस्था गरी थप व्यवस्थित गरिनेछ ।

(घ) गाउँपालिकामा स्थायी वसोवास गरि देशका विभिन्न प्राविधिक शैक्षिक संस्थामा अध्ययन गरिरहेका दलित, जनजाती, सिमान्तकृत, गरिव तथा जेहन्दार विद्यार्थिहरुलाई प्राविधिक विधामा निजको आर्थिक अवस्थाको आधारमा छनौट गरि जनही २५ हजारको दरले छात्रवृत्ति दिने व्यवस्था गरिनेछ ।

(ङ) कम्प्युटर तथा कम्प्युटर शिक्षकको व्यवस्था हुने १८ वटा सामुदायिक विद्धालयहरुमा शिक्षण सिकाईलाई थप प्रभावकारी रुपले संचालन गर्न श्रव्य दृश्य कक्षा संचालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

(च) साविकमा अस्थायी अनुमति लिई संचालनमा आए पछि कक्षा तथा तह वृदि भई हाल मावि र आधारभुत तहसम्म संचालित अवस्थामा रहेका सामुदायिक विद्यालयहरुको विद्यार्थी कक्षा संख्याको आधारमा सरकारी अनुदानबाट उपलब्ध गराईएको शिक्षक अपुग भई पठनपाठन सुचारु गराउने समस्याबाट गुज्रिरहेका विद्यालयहरुमा विद्यार्थी संख्या, विषयगत आवश्यकता र भौगोलिक अवस्था समेतका आधारमा संघीय सरकारबाट विद्यमान शिक्षक दरवन्दीको पुनरावलोकन र न्यायोचित वितरणको व्यवस्था नभएसम्मको लागि ३५ जना विद्यार्थी बराबर एक शिक्षकको मापदण्डलाई आधार बनाई सो आधारमा कार्यपालिकाबाट स्वीकृत लिई थप शिक्षक व्यवस्था गर्न चालु खर्च बजेटबाट अनुदान दिने व्यवस्था गरिएको छ ।

(छ) विगतमा प्राथमिक विद्यालय संचालन गर्न अस्थायी स्वीकृति र बाल विकास केन्द्र सहयोगी कार्यकर्ता दरवन्दी पाएका तर प्रावि शिक्षक दरबन्दी नपाएका प्राविहरुलाई कार्यपालिकाको स्वीकृतिमा अर्को व्यवस्था नभएसम्मको लागि प्रावि तह शिक्षकको तलब रु.१६ हजारका दरले चालु खर्च बजेटबाट अनुदान दिने व्यवस्था गरिएको छ ।

(ज) हाललाई गाउँपालिकाबाट स्वीकृति लिई संचालनमा आएका वाल सिकाई केन्द्रहरु संचालनमा आएको बालसिकाई केन्द्रहरु बालसिकाई केन्द्र गोठडाँडा, वाल सिकाई केन्द्र थाक्ले,बालसिकाई केन्द्र सल्ले, बाल

सिकाई केन्द्र डाँडागाउँ बालसिकाई केन्द्र गैरी निरन्तरता र थप बालसिकाई केन्द्र भडिखोरमा संचालन गरिनेछ ।

(झ) सामुदायिक विद्यालयहरुमा थप ऐच्छिक विषयको पाठ्यक्रम विकास गरि लागु गरिनेछ ।

(ञ) यस गाउँपालिकामा गाभिन आएका साविक गाउँ विकास समितिहरुबाटै अनुदान पाउने गरि गाउँपालिकाको स्वीकृतिमा संचालन भई आएका गाउँपालिका स्थित जम्मा १७ वटा बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको व्यवस्थापान गर्न कार्यपालिकाको स्वीकृतिमा अर्को व्यवस्था नभएसम्मको लागि चालु खर्च बजेटबाट अनुदान दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

(ट) यस गाउँपालिकामा गाभिन आएका साविक गाउँ विकास समितिहरुबाटै अनुदान पाउने गरि गाउँपालिकाको स्वीकृतिमा संचालन भई आएका ५ वटा बाल सिकाई केन्द्रका लागि चालु खर्च बजेटबाट अनुदान दिने व्यवस्था गरिएको छ ।

(ठ) आधारभुत विद्धालयहरु तथा माध्यामिक विद्धालयहरुमा द्रुत गतिको ईन्टरनेट सेवाको व्यवस्था मिलाईनेछ ।

(ड) गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्धालयहरुमा रहेका विद्यार्थी संख्या र शिक्षक संख्याको अनुपातको आधारमा शिक्षक दरवन्दी मिलान गरिनेछ । विद्धार्थी संख्या अत्यन्तै न्युन रहेका र भौगोलिक रुपमा नजिकको दुरीमा रहेका विद्दालयहरुलाई आवश्यक मापदण्ड तयार गरि एकआपसमा मर्ज गर्न उत्प्रेरित गरिनेछ । साथै गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्धालयहरुमा कार्यरत राहत र दरबन्दी शिक्षकहरुलाई घरपायक पर्ने विद्दालयमा रिक्त समान पदमा कामकाज  गर्न खटाईने व्यवस्था मिलाईनेछ ।

(ढ) संघीय सरकारसगँको समन्वय र सहकार्यमा गाउँपालिका क्षेत्रभित्र विभिन्न विषय अध्यापन गराउने प्राविधिक शिक्षालय स्थापना गरि संचालन गर्न पहल गरिनेछ ।

(ण) माध्यामिक विद्धालयहरुमा १/१ वटा भिन्न प्राविधिक विषयको अध्यापन गराउने व्यवस्था मिलाईनेछ ।

(त) गाउँपालिका स्थित स्वर्ण कौशिका क्याम्पसलाई बहु विषय अध्यापन गराउने व्यवस्थाको लागि संघ र प्रदेश सगँ समन्वय र सहकार्य गरि संचालन गर्ने व्यवस्था गरिनेछ ।

(थ) सिप सिकाई केन्द्रहरु स्थापना गरि वडा वडामा आगामी वर्षमा १००० जनशक्तिलाई दक्ष वनाई उत्पादनमा सहभागी गराईनेछ ।

(द) सामुदायिक विद्यालयहरुमा कार्यरत लेखा कर्मचारी,बाल विकास सहयोगी कार्यकर्ता र विद्यालय सहयोगीहरुलाई पोषाक भत्ता बापत प्रतिव्यक्ति वार्षिक रु.१० हजार रकम चालु खर्च शीर्षकबाट उपलब्ध गराईनेछ ।

(ध) हरेक वडाका १/१ वटा माध्यमिक विद्यालयहरुलाई श्रोत सम्पन्न नमुना विद्यालयको रुपमा विकास गरिनेछ । त्यस्तो विद्यालयको आधारभुत तहसम्म अनिवार्य अंग्रेजी माध्यममा पठनपाठनको शुरुवात गरिनेछ ।

(न) हरेक वडाका २/२ वटा बाल बिकास केन्द्रहरुमा बालमैत्री पूर्बाधार थप गरी आधुनिक किन्डर गार्डेनको रुपमा बिकास गरिनेछ ।

(प) गाउँपालिकामा एउटा १२ कक्षासम्म विज्ञान विषय पठनपाठन हुने माध्यमिक विद्यालय स्थापनाका लागि आवश्यक तयारी अघि बढाइनेछ ।

(फ) गाउँपालिकाको शैक्षिक गुरुयोजना निर्माण गरिनेछ ।

## २.४ महिला, बालबालिका तथा जेष्ठ नागरिक

(क) प्रस्तावित लैङगिक नीतिलाई पुर्णता दिई वि.स.२०८० सालसम्ममा लैङ्गिकमैत्री गाउँपालिका निर्माण गरिनेछ ।

(ख) गाउँपालिका क्षेत्रभित्र हुने वाल विवाहलाई २०७७ साल भित्रमा अन्त्य गरि बाल विवाह मुक्त गाउँपालिका र बावमैत्री गाउँपालिका घोषणा गरिने छ । घोषणा गर्नको लागि गाउँपालिका वडा नं २,४,र ५ भाद्र २९ २०७७ भित्र गर्नलाई सुचकका आधारमा आवश्यक तयारी गरिने छ । वडा तथा वस्ती स्तरका बालक्वल, बालसंजाल, आमासमूह, युवा संजाल, युवा क्लव, किशोरी संजाल, सहकारी संस्था, सरकारी तथा गैरसरकारी संस्था, अभिभावक र विद्धालय परिवारहरुलाई परिचालन गरिनेछ ।

(ग) अनाथ तथा जोखिममा रहेका बालवालिकाको उद्दार तथा संरक्षणको लागि वाल संरक्षण कोषको स्थापना गरिनेछ ।

(घ) प्रत्येक वडामा जेष्ठ नागरिकहरुको निशुल्क स्वास्थ्य परिक्षण गर्नको लागि आवश्यक व्यवस्था मिलाई जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम संचालनमा ल्याईनेछ ।

(ङ) जेष्ठ नागरिकहरुको मनोबल बढाउन जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरि जेष्ठ नागरिक परिचय पत्र वितरणलाई थप प्रभावकारी बनाईनेछ ।

(च) विद्धालयहरुमा अध्ययनरत छात्राहरुको लागि निशुल्क स्यानेटरी प्याडको व्यवस्था साथै प्रयोग सम्बन्धी जनचेतना कार्यक्रमहरु संचालन गरि प्रभावकारी कार्यान्वयन गरिनेछ ।

(छ) अपाङगता भएका व्यक्तिहरुलाई आत्मसम्मान तथा आयआर्जन वृद्दी गर्ने विशेष कार्यक्रम संचालनमा ल्याईनेछ ।

(ज) महिलाहरुलाई आत्मनिर्भर बनाउन समूह तथा सहकारी आवद्ध गरिने छ । १ व्यक्ति १ समूह र १ सहकारी उत्पादन कार्यक्रम संचालनमा ल्याईनेछ ।

(झ) घरेलु हिंसा प्रभावित व्यक्तिलाई कानुनी उपचारको लागि गाउँपालिकासम्म आउँदा लाग्ने शुल्क तथा यातायात खर्च तथा सुरक्षित आवास तथा मनो विमर्श तथा प्राथमिक स्वास्थ्य सेवाको निशुल्क व्यवस्थापन गरिनेछ ।

(ञ) वालमैत्री गाउँपालिका निर्माण गर्नको लागि आधारभुत पुर्वाधारहरु तयार गरिनेछ ।

(ट) जेष्ठ नागरिक मिलन केन्द्र नमुनाको रुपमा संचालन गरिनेछ ।

(ठ) सामाजिक रुपमा वहिष्करणमा परेका समुदायहरुको उत्थानको लागि विशेष कार्यक्रमहरु संचालनमा ल्याई समानता र न्यायपुर्ण समाज निर्माण गरिनेछ ।

(ड) सांस्कृतिक रुपमा विविधता रहेको गाउँपालिकालाई जिवन्त राख्नको लागि संस्कृति संरक्षण तथा आदानप्रदान कार्यक्रम संचालनमा ल्याई पर्यटन प्रवर्धन गरिनेछ ।

(ढ) विपन्न समुदाय, महिला, लोपोउन्मुख समुदाय, दलित र सिमान्तकृत समुदायलाई विविध सरकारी सेवामा उपस्थित वढाउनको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

(ण) संक्रमण जोखिम रहदा सम्म अशक्त,असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला,जेष्ठ नागरिक एवं अपाङ्गता भएका व्यक्तिहरुलाई राहतका कार्यक्रम सञ्चालन गर्ने गरी बजेटको व्यवस्था गर्ने ।

(त) विद्यालयहरुमा अध्ययानरत छात्र/छात्राहरुको लागि नि:शुल्क आँखा चेकजाँच गरी चश्मा प्रयोग गर्नुपर्ने छात्र/छात्राहरुको हकमा र ७० वर्ष भन्दा माथिका जेष्ठनागरिकहरुको हकमा चश्मा र चेकजाँच वापतको रकम गाउँपालिकाबाट व्यहोर्ने गरी विद्यालय आँखा जाँच कार्यक्रमको लागि वजेट व्यवस्था गरिएको छ ।

(थ) गाउँपालिकास्तरमा एक वृद्धाश्रम तथा हिंसापिडित महिला आश्रयस्थलको निर्माण गरिनेछ ।

(द) दलित र अल्पसंख्यक समुदायका व्यक्तिहरुको लागि सामुदायीक संगठनहरुको प्रवर्द्धन र नेतृत्व विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(ध) जेष्ठ नागरीक र अपांग नागरिकहरुलाई सक्रिय जीवन जिउने बातावरण तयार पार्न उपयूक्त सीपमुलक तालिम तथा जीवनोपयागी सिपहरु प्रदान गरिनेछ ।

(न) जातीय छुवाछुत र सामाजिक कुरिति, कुसंस्कार, रुढीवादी अन्धविश्वासको अन्त्य गर्न साँस्कृतिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

(य) किसोरी कानुनी शिक्षा साक्षरता तालिम संचालनमा ल्याई किसोरीहरुलाई क्षमतावान् बनाइनेछ ।

(र) किसोरी सिप विकास तालिम संचालन गरी आत्मनिर्भर बनाइने छ ।

(ल) निजामती सेवा सम्बन्धी किसोरीहरुलाई जानकारी मुलक कार्यक्रम संचालन गरिने छ ।

(व) कक्षा १०,११ र १२ मा अध्ययनरत नानीहरुलाई शैक्षिक जानकारी मुलक कार्यक्रम संचालनमा ल्याइने छ ।

(श) महिलाहरुलाई स्वास्थ्यचौकी तथा स्वयम्सेविकाहरु मार्फत सेनीटरी प्याड निशुल्क उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

(ष) ५वर्षमुनिका बालवालिकाहरुलाई पोषिला थप खानेकुरा व्यवस्था गरिनेछ ।

## २.५ युवा तथा खेलकुद

**(क)** शारीरिक रुपमा सुगठित तथा स्वस्थ्य नागरिक उत्पादनको लागि गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरि खेलकुद क्यालेन्डर निर्माण गरि खेलकुद प्रतियोगिता आयोजना गरिनेछ । साथै सामुदायिक विद्धालयहरुमा खेलमैदानको निर्माण तथा खेलकुद सामग्रीको व्यवस्थापन अतिरिक्त कार्यक्रम संचालन गर्ने कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

(ख) चालु आ.व.मा विस्तृत परियोजना प्रतिवेदन तयार संघ र प्रदेश सरकारको सहकार्यमा वडा नं.१ महादेवडाडा स्थित रचनेथाममा गाउँपालिकास्तरीय रंगशाला निर्माण गरिनेछ । यसको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरिएको छ । क्रमश वडास्तरीय खेलमैदान निर्माण गरिदै लगिनेछ ।

(ग) राष्ट्रपति रनिङ शिल्ड छनौट प्रतियोगितालाई सहकार्य गरि निरन्तरता दिई प्रतियोगिता सचालनको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

(घ) विविध विधामा गाउँपालिका स्तरीय अध्यक्ष कप प्रतियोगिता संचालन गरिनेछ ।

(ङ) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागीता जनाउने खेलाडीलाई प्रोत्साहन भत्ता र पुरस्कारको व्यवस्था गरिनेछ ।

(च) सम्भाव्यावता अध्ययन गरि विभिन्न साहसिक खेलहरुको प्रतियोगिता संचालन गरि खेलकुदको माध्यमद्वारा पर्यटन प्रवर्दन गरिनेछ

(छ) विकास साझेदार तथा सरोकारवालाको साझेदारीमा किशोर किशोरी मनोपरामर्श सेवा केन्द्र खोली संचालमा ल्याईनेछ ।

(ज) श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, गाउँपालिका र दातृ निकायसगँको साझेदारीमा सुरक्षित आप्रावासन कार्यक्रम संचालन गरिनेछ ।

(झ) युवाहरुमा**“आफ्नो गाउँ आफै बनाऔ, हामिले नगरे कस्ले गर्छ, अहिले नगरे कहिले गर्ने”**भन्ने भावना जागृत गरि बेरोजगार युवाहरुको सीप, दक्षता र क्षमताको पहिचान तथा विकास गाउँपालिका, प्रधानमन्त्री रोजगार कार्यक्रम र अन्य रोजगार प्रदायक सगँ समन्यव गरि गाउँपालिका क्षेत्रभित्र संचालन हुने विकास निर्माण कार्यमा रोजगारी प्रदान गरिनेछ ।

(ञ) आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरी कार्यन्वयन गरिने आयोजनाहरु छनौटमा प्राथमिकता दिने व्यवस्था मिलाईएको छ । गाउँपालिका स्तरिय कवडहल निर्माण गरिने फिक्कल ५ भने हरेक वडाहरुमा १/१ वटा खेलकुद मैदान निर्माण गरिनेछ ।
(ट) गाऊँपालिका स्तरीय वार्षिक खेलकुद महोत्सव आयोजना साथै खेल स्कुल संचालन गरिनेछ ।
(ठ) यूवाहरुलाई सकारात्मक सोंच र सुनौलो भविश्यको भावना जागृत गराउन क्यारियर काउन्सिलीङ्ग कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
(ड) गाउँपालिका स्तरिय खेलकुद विकास समिती गठन गरी कार्यान्वयनमा ल्याइनेछ ।

## २.६ स्वास्थ्य

(क) फिक्कल गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट निशुल्क वितरण गर्ने सूचिमा पर्ने औषधिहरु खरिद गर्नको लागि बजेट बिनियोजन गरि सो रकमबाट आर्थिक वर्षको सुरुमै एकमुष्ठ रुपमा औषधि खरिद गरि स्थानीय स्वास्थ्य संस्थाहरुलाई आवश्यकताको आधारमा बाह्रै महिना औषधि आपुर्ति गर्ने व्यवस्था मिलाईनेछ साथै दिर्घरोगीहरुलाई निशुल्क औषधीको ब्यवस्था कोरोना कोष मार्फत गरी औषधी उपलब्ध व्यवस्था गरिएको छ ।
(ख) आधारभुत स्वास्थ्यमा सबै नागरिकको पहुँच सुनिश्चितताका निमित्त स्वास्थ्य विमा कार्यक्रममा अनिवार्य सहभागी गराईनेछ ।
(ग) गाउँपालिका स्थित स्वास्थ्य संस्था भन्दा बाहिर गई सुत्केरी गराउनु पर्ने अवस्थाका गाउँपालिका बासी गर्भवतीलाई एम्बुलेन्स सेवा उपलब्ध गराउँदा ५० प्रतिशत र नेपाली नागरिकतामा उल्लेखित जन्म मितिको आधारमा ६० वर्ष उमेर पुरा भएका गाउँपालिका वासी जेष्ठ नागरिकहरुलाई ५० प्रतिशत र रातोकार्ड पाउने अपाङ्ग र असत्तहरुलाई निशुल्क एम्बुलेन्स छुट व्यवस्थालाई निरन्तरता दिईनेछ । तत्काल उद्यार गरी विशेषज्ञ सेवा प्रदान गर्नु पर्ने किसिमको बिरामी,सुत्केरी गर्भवती बिपन्न नागरिकहरुलाई द्रुत गतिमा एयर हवाईसेवा मार्फत उद्यारको व्यवस्था गरिनेछ ।
(घ) चालु आर्थिक वर्षमा गरिएका आँखा जाच शिविर र पाठेघरको स्क्रिनिङ क्याप कार्यक्रमलाई आगामी आर्थिक वर्षमा निरन्तरता दिँदै उक्त कार्यक्रम संचालन गर्नको लागि बजेट बिनियोजन गरिएको छ ।

(ङ) स्वस्थ्य र गुणस्तरीय खाद्य पदार्थ आपुर्तिको लागि बजार अनुगमन प्रणालीलाई नियमित र प्रभावकारी बनाईनेछ ।

(च) गाउँपालिकामा कार्यरत स्वास्थ्य कर्मीलाई (अनमी) तिन वर्षे कबुलियतनामाको आधारमा दक्ष प्रसुती) तालिममा पठाई सो पश्चात गाउँपालिका अन्तर्गतका वर्थिङ सेन्टरमा कामकाज गर्न लगाउने व्यवस्था मिलाईएको छ ।

(छ) वर्थिङ्ग सेन्टरहरुमा निर्मलीकरण र सुत्केरीलाई पोषिलो जाउलोको व्यवस्था मिलाईएको छ ।

(ज) यस गाउँपालिका क्षेत्रभित्र प्राकृतिक प्रकोप तथा सडक दुर्घटनामा परेको घाईतेको उद्दारको लागि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ ।

(झ) आमा र बच्चाको पोषण सुनिश्चित कार्यक्रम अन्तर्गत नियमित गर्भवती जाचँ सेवा लिई गाउँपालिकास्थित तोकिएको स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउँदा र सुत्केरी पश्चात फर्कदा प्राविधिक

रुपमा एम्बुलेन्सको पहुँच पुग्ने स्थानदेखि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउनको अतिरिक्त गाउँपालिकाबाट जनही थप रु.१५००।-(एक हजार पाँच सय) का दरले प्रोत्साहन रकम वा जिन्सी उपलब्ध गराईनेछ। साथै वि.स. २०७८ साल भित्रमा होम डेलिभरि शुन्यमा झारिनेछ।

(ञ) गाउँपालिका स्थित महिला स्वास्थ्य स्वयम् सेविकाहरुले स्वास्थ्य क्षेत्रमा हालसम्म पुर्याएको योगदानको उच्च सम्मान गर्दै निजहरुलाई खाजा खर्च वापत मासिक रु २०००।-(एक हजार पाँच सय) का दरले रकम उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरिएको छ।

(ट) गाउँपालिकाको वडा नं.३ खोलागाउँमा गाउँपालिका स्तरीय १५ शैयाको अस्पताल स्वीकृत भई सकेको र उक्त अस्पतालको भवन निर्माणको लागि ठेक्का सम्झौता गरी निर्माण कार्य संचालनमा भईरहेको छ। कोरोना को कारण समयमा काम सम्पन्न नभएकोले म्याद थप तथा नेपाल सरकारसँग विषेश अनुदानको ठेक्का रकम सुनिस्थित गर्न अनुरोध गरी यो चालु आ.व.मा उक्त भवनको अधुरो भवन सम्पन गरिनेछ।

(ठ) मानासिक स्वास्थ्य प्रवर्धनको लागि स्वयम् सेवकहरु तरिङ्गीनि फाउण्डेसनको साझेदारीमा मनोपरामर्शकर्ता उत्पादन गरि मनोपरामर्श कर्ताहरुलाई स्वयम् सेवामा खटाईनेछ

(ड) हाल ४ वर्थिङ्ग सेन्टरहरु महादेवडाँडा सुम्नामपोखरी खाङ्गसाङ्ग र सोल्पाठानामा प्रसुति कर्मीलाई तालिमको व्यवस्था तथा रत्नावतीमा वर्थिङ्ग सेन्टर स्थापनाको लागि आवश्यक उपकरण सामाग्री तथा दक्ष जनसक्ती अनमीको व्यवस्था तथा क्षमता विकास गरिनेछ।

(ढ) स्थानीय तहमा खटिने स्वास्थ्य कर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री (मास्क,पंजा,सेनिटाइजर,पिपिई सेट)हरु लगायत आरडीटी पीसीआर परीक्षणको किट को अभाव नहुने गरी बजेट व्यवस्था गरिएको छ।

(ण) कोभिड संक्रमणको सम्भावित जोखिममा रहेका नागरिकहरुलाई नेपाल सरकारले तोके बमोजिम क्वारेन्टाईनमा राख्ने व्यवस्था मिलाउन आवश्यक वजेट व्यवस्थापन गरिने छ।

(त) संक्रमण रोकथाम तथा नियन्त्रणको लागि क्षमता विकास तथा जनचेतना मुलक कार्यक्रमको लागि आबश्यक वजेटको व्यवस्थापन गरिने छ ।

(थ) एम्वुलेन्स चौविसै घण्टा सञ्चालनमा हुने गरी तयारी हालतमा राख्न आवश्यक वजेटको व्यवस्थापन गरिनेछ।

(द) स्वास्थ्य चौकी तथा स्वास्थ्य एकाईबाट प्रदान गरिने खोप सेवा,सुरक्षति मातृत्व तथा प्रजनन स्वास्थ्य पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी,उपकरण तथा स्वास्थ्य सामाग्रीको लागि आवश्यक वजेट व्यवस्था गरिनेछ।

(ध) खोप,सुरक्षित मातृत्व,प्रजनन स्वास्थ्य,पोषण जस्ता जनस्वास्थ्य संग सम्वन्धित आधारभुत सेवा सुविधालाई प्रभावकारी वनाउन महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई परिचालन गर्न आवश्यक बजेटको व्यवस्थापन गरिएको छ ।

(न) यस गाउँपालिकाको स्वास्थ्य संस्था अन्तर्गत र हाल फैलिरहेको कोरोना भाइरसको स्वास्थ्य परिक्षणका लागि आवश्कय ल्याव परीक्षण गर्नका लागि करार सेवा शुल्क शीर्षकबाट तलब भत्ता सुविधा भुक्तानी हुनेगरी १ जना ल्याव असिष्टेन्टको दरवन्दी सृजना गरी सो पदमा कर्मचारी नियुक्तगरी सेवा प्रवाह चुस्त बनाउन आबश्यक वजेटको व्यवस्था गरिएको छ ।

(प) यस गाउँपालिकामा स्थापना भएको फिक्कल ग्रामिण आँखा क्लिनकबाट आँखाको दृष्टिको समस्या भएकाहरु लगायत विद्यालयमा अध्यायनरत विद्यार्थीहरुका लागि आँखा स्वास्थ्य कार्यक्रम संचालनका लागि आवश्यक वजेटको व्यवस्थापन गरिएकोछ ।

(फ) कोभिड १९ संक्रमण रोकथामका लागि २०० जनाको क्वारेन्टाइन तथा ५० जनाको आइसोलेसन सेन्टर निर्माण तथा सञ्चालन गरिनेछ । साथै गाउँपालिका केन्द्र आसपास १० बेडको अस्पताल कोराना उपचारको लागि तत्काल निर्माण गरी सेवा प्रवाह गरिनेछ ।

(ब) स्वास्थ्य चौकीहरुको व्यवस्थापन नियमावली तर्जुमा गरि अनुगमन व्यवस्था प्रभावकारी बनाइने छ । प्रत्येक स्वास्थ्य चौकीमा आधारभूत प्रयोगशाला ल्यावको स्थापना गरिनेछ ।

(भ) ६० बर्ष माथिका बृद्धबृद्धालाई घरमै गई नियमित स्वास्थ्य जाँच गर्न “घर घरमा स्वास्थ्यकर्मी” कार्यक्रम सञ्चालन गरिनेछ ।

(म) गृहिणीहरुलाई बालबालिका हेरचाह र स्वस्थ आहार सम्बन्धी आधारभूत तालिम दिइनेछ ।

(य) प्रत्येक स्वास्थ्य चौकीमा एम्बुलेन्सको ब्यवस्था गर्दै जाने नीति अवलम्बन गरिनेछ ।

(र) गम्भीर रोगको उपचार खर्च अभाव हुन नदिन गाऊँमै वसोबास गर्ने वासिन्दाहरुको लागि अनिवार्य स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरिनेछ ।

(ल) वर्षमा १ पटक हरेक वडामा विशेषज्ञ डाक्टर सहित स्वास्थ्य शिविर सञ्चालन गरिने र स्वास्थ्य चौकीहरुमा नियमित विशेषज्ञ सेवा प्रदान गर्न साप्ताहिक टेलि मेडिसिन कार्यक्रम चलाइनेछ ।

(व) स्थानीय जडिबुटी र आदिवासी ज्ञानलाई प्रबर्द्धन गरी परम्परागत स्वास्थ्य उपचार विधिको प्रवर्द्धन र योग तथा प्राणायामलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

(श) निशुल्क औषधी वितरण कार्यलाई नियमित र पारदर्शी बनाइनेछ ।

(ष) सुत्केरी प्रतिक्षालय को स्थापना गरिनेछ । गर्भवती र सुत्केरीलाई स्वास्थ्यचौकीमा निशुल्क जाउलोको व्यवस्था गर्न प्रत्येक स्वास्थ्य चौकीमा प्रति स्वास्थ्य चौकी ५० हजारका दरले स्वास्थ्य चौकीले खर्च गर्न गरी व्यवस्थापन गरिने छ ।

## ३. पुर्वाधार विकास

३.१ संघीय र प्रदेश सरकासगँ समन्वय गरि गाउँपालिका केन्द्रलाई नमुना शहरको रुपमा विकास गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरि काम अगाडी बढाईनेछ ।

३.२ गाउँपालिकाको प्रशासनिक भवन र निर्माणाधिन भवन फिक्कल १, २, ३, ४, ५ र ६ का वडा कार्यालयहरुको भवन, वडा नं. १ र वडा नं. ५ मा निर्माणाधिन स्वास्थ्य चौकी भवन वडा नं. ४ र ६ मा निर्माण गरी संचालनमा ल्याइने छ। फिक्कल ३ चनौटेमा संघिय विषेश अनुदान मार्फत निर्माणाधिन १५ सैया अस्पताल भवन संघिय सरकारसँग समन्वय गरी सम्पन्न गरीनेछ। गाउँपालिका केन्द्र आसपासमा कोरोना उपचार प्राथमिक अस्पताल विपद तथा कोरोना कोष मार्फत स्थापना गरी संचालनमा ल्याइने छ। **धुलो मुक्त प्रविधि युक्त** विद्यालयहरुको पुर्वाधार निर्माण गरिने छ। भुकम्प प्रभावित विद्यालयको निर्माणाधिन र निर्माण हुन बाँकी भवन, भुकम्पले प्रभावित आवासीय भवनह् संघ, प्रदेश, पुनर्निर्माण प्राधिकरण र दातृ निकायहरु सगँ समन्वय गरि निर्माण कार्य द्रुत गतिमा सम्पन्न गरिनेछ।

३.३ भवन निर्माण आचारसंहिताको प्रभावकारी कार्यान्वयन गरिनेछ।

३.४ गाउँपालिका स्थित उपयुक्त स्थानमा नागरिक उड्ययन प्राधिकरण सगँ समन्वय गरि हेलिप्याड सेन्टर निर्माण गरि संचालनमा ल्याईनेछ।

३.५ गाउँपालिका क्षेत्र अन्तर्गत पूर्वाधार विकास कार्यक्रम अन्तर्गत ( सडक तथा पुल, सिचाई, भवन तथा सहकारी विकास, उर्जा, लघु तथा साना जलविधुत, सूचना तथा संचार) का कार्यक्रम संचालन गरिनेछन।

३.६ सुरक्षित आवासबाट बन्चित नागरिकहरुको लागि सुरक्षित नागरिक आवास कार्यक्रम संचालन गरी घर निर्माण गरी हस्तान्तरण गरिनेछ साथै आम नागरिक,जनता आवास कार्यक्रम नेपाल सरकार बागमती प्रदेश सरकार र गैरसरकारी संघसंस्थासँग साझेदारी गरिनेछ।

## (क) सडक तथा पुल

१. यातायात गुरुयोजना निर्माण गरी गाउँपालिका केन्द्र देखि ६ वटै वडा कार्यालयहरु बह्रै महिना जोड्ने सडकहरु कालोपत्रे र आर.सि.सि. गर्न संघीय सरकार र प्रदेश सरकारसगँ समन्वय गरि निर्माण गरिनेछ। फिक्कल ५ झगरे सोल्पा भन्ज्याङ्ग सडक संघ प्रदेश र गाउँपालिकाको लागत साझेदारीमा यसै आवमा सम्पन्न गरिनेछ।

२. हिमाल, पहाड, तराई जोड्ने नवलपुर - बाहुनतिल्पुङ खण्ड द्रुत गतिमा निर्माण गर्न प्रदेश सरकारसगँ अनुरोध गरिनेछ।

३.मध्यपहाडी लोकमार्गको खुर्कोट-घुर्मि खण्डको कालोपत्रे हुन वाकीँ खण्डको तत्काल कालोपत्रे, मर्मत र खाङसाङ खोला, बादुरा खोला र सोखु खोलो पुल निर्माण कार्यलाई द्रुत गतिमा अगाडी बढाउन सम्बन्धित निकायसगँ समन्वय गरिनेछ। साथै साना साना खोला तथा खहरेमा पुल तथा कल्भर्ट निर्माण गरिनेछ।

४.मध्यपहाडी लोकमार्गबाट फिक्कल चुचुरो सम्म केबलकार संचालनको लागि सम्भाव्यता कार्य अगाडी बढाईनेछ।

५.डिपिआर तयार गरिएका झोलुङगे पुलहरु तिनदोभाने, मोहनटार, चिउरीखानी, सिउरे, थाक्ले, चाँप्टार निर्माणाधिन पुललाई सम्पन्न गरिने छ । गैरीगेरुडाडाँ,सल्ले,वादुरा,जौखोला, तिनघरे वाक्सु, नयाँकुलो आँपपाखा, सिद्दीटार भलायोटार, कुन्द्रीखोला, नर्कटे खोला र तल्लो घोप्टे आम्वोटे, साखुलेबारी रातमाटा झोलुङगे पुल निर्माणको लागि रेडक्रस, स्वीस सरकार सगँ समन्वय गरि डिपिआर तयार गरिनेछ । साथै सुनकोशी नदीमा पर्यटन प्रवर्धनको लागि  झोलुङगे पुल निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

६.गाउँपालिका केन्द्रमा जानका लागि मध्यपहाडी लोकमार्ग अन्तर्गत फिक्कल ४ खाङसाङको सौभाग्य चोक देखि गाईखुरे भञ्ज्याङ्ग सम्मको सडक खण्डमा सडक बोर्ड नेपालको लागत सहभागितमा उक्त सडकको स्तरउन्नति कार्यलाई निरन्तर अगाडी वढाईने छ ।

७. खनियाँखर्क गहुवारी सडक निर्माण कार्यलाई द्रुत गतिमा निर्माण कार्य अगाडी बढाउन साथै दमार चित्रेनागी खण्ड कार्य प्रारम्भ गर्न पहल गरिने छ ।

### (ख) सिचाई

१. महाभारत पर्वतहरुबाट निस्केको पानी र नदीहरुको मुहान संरक्षण बाँध निर्माण गरि लघु जलबिधुत र सिचाईमा  थप प्रभावकारी प्रयोग गरिनेछ । साथै वाक्सुखोलामा फिक्कल सरोवरको सम्भाव्यता अध्ययन गरिनेछ ।

२. यस गाउँपालिकाको वडा नं. २,३,४,५ र ६ स्थित सुख्खाग्रस्त क्षेत्रका उत्पादनशील भुमिहरुमा लिफ्ट सिचाई, थोपा सिचाई, फोहोरा सिचाई, प्लाष्टिक पोखरी र आकासेपानी संकलन, तालतलैया संरक्षण, पानीको श्रोत संरक्षणमार्फत सिचाईको व्यवस्था मिलाई उत्पादन सहजताको लागि संघ प्रदेश तथा विभिन्न संघ संथा निकायसँग समन्वय सहकार्य र लागत साझेदारीमा कार्य अगाडी बढाइने छ साथै यसै साल फिक्कल ४ खाङ्गसाङ्ग गाउँमा वृहत लिफ्ट सिचाई कार्यको थालनी गरिनेछ ।

### (ग) उर्जा

१.उर्जा नीति कार्यान्वयन गरि २ वर्ष भित्रमा सवै घरघरमा स्वच्छ र गुणस्तरीय उर्जा उपलब्ध गराईनेछ ।
२.संघ र प्रदेश र विद्युत प्राधिकरणसँग समन्वय गरि लघु जलविधुत आयोजनालाई राष्ट्रिय प्रशारण लाईनमा जोड्ने र राष्ट्रिय प्रशारण लाईनलाई समग्र गाउँपालिकामा विस्तार गरिनेछ । वाक्सु खोलामा सम्भाव्यता अध्ययनबाट देखिएको १ मेगावाट बिधुत उत्पादनको लागि संघ र प्रदेश सरकारसगँ समन्वय गरिनेछ ।

### (घ) खानेपानी तथा सरसफाई

(क) एक घर एक धारा कार्यक्रम संचालन गरी खानेपानीको अभाव रहेका टोल तथा बस्तीहरुको एकिन गरि यस गाउँपालिका क्षेत्र भित्र कार्यरत सरकारी गैसरकारी संघसंस्था गाउँपालिका र सम्बन्धित उपभोक्ताको लागत सहभागितामा स्वच्छ खानेपानीको आपुर्ति गर्ने व्यवस्था मिलाईनेछ ।

(ख) नियमित खानेपानी मुहानको पानीको गुणस्तर परिक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

(ग) २०७२ सालको भुकम्प पश्चात खानेपानी मुहान सुकेका आयोना  तथा वस्तीहरुमा नयाँ मुहानको सम्भाव्यता अध्ययन गरि स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ ।

(घ) मेरो फोहोर म आफै व्यवस्था गर्छु भन्ने भावना विकास गरी पूर्ण सरसफाई तर्फ उन्मुख गाउँपालिका घोषणाको लागि आवश्यक पूर्वाधार(ल्याण्ड फिल्ड) निर्माण गर्ने र उक्त स्थानमा वस्तीस्तरबाट निस्किएको फोहोर संकलन गर्न गाउँपालिकाले एक वटा फोहोर वोक्ने गाडीको व्यवस्थापन समेत गरिनेछ ।

(ङ) छिमेकी स्थानिय तहको साझेदारीमा फोहोर व्यवस्थापन तथा आम्दानीको स्रोतको रुपमा विकास गरिनेछ ।

(च) मापदण्ड बिपरितका प्लास्टिक जन्य बस्तुको बैकल्पिक व्यवस्था गरिने छ ।

(छ) खानेपानी समस्या भएका वस्तीहरुमा पानीको मुहान पहिचान गरि सर्वे डिजाइन इष्टिमेट गरी सघ पदेश सरकार र गैरसरकारी सस्था सग समन्वय गरी स्वच्छ पिउने पानीको व्यवस्था गरिनेछ ।

## ४. सुचना तथा संचार प्रविधी

४.१.फिक्कल एफ.एम. संचालनको लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।
४.२ सबै वडा कार्यालयहरुमा द्रुत गतिको ईन्टरनेट सेवा उपलब्ध गराउनको लागि अप्टिकल फाईबर बिछ्याउने कार्यको लागि आवश्यक वजेटको व्यवस्था गरिएकोछ ।
४.३ वडा नं.१ महादेवडाडाँ,वडा नं २ पोखरीको विसौना र वडा नं. ३ खोलागाउँमा नेपाल टेलिकमको टावर स्थापनाको लागि नेपाल दुरसंचार प्राधिकरण सगँ समन्वयमा निर्माण गरि संचालनमा ल्याईनेछ ।
४.४ फिक्कल डाडाँमा रहेको स्मार्टको टावरलाई दुरसंचार प्राधिकरणसगँ समन्वय गरि एकिकृत टावर व्यवस्थापनको लागि पहल गरिनेछ ।
४.५ गाउँपालिकाबाट नियमित संचालनमा रहेका तथा गरिएका विभिन्न गति विधिहरुको जानकारी रेडियो/एफ.एम. मार्फत प्रशारण गर्ने व्यवस्था गरिएको छ ।
४.६ गाउँपालिकाबाट गरिने विभिन्न सन्देश मुलक कार्यक्रमहरुको नियमित रेडियो/एफ.एमबाट प्रशासरण गरिने व्यवस्था मिलाईएकोछ ।

## (५) वन, वातावरण तथा विपत व्यवस्थापन

१. पर्यटन प्रवर्धनको लागि वन डिभिजन कार्यालयसगँ समन्वय गरि  वनस्पति पार्क निर्माण गरिनेछ ।
२. पुष्पलाल लोकमार्ग आसपासमा पुष्पलाल पार्क निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
३. सरकारी वनलाई सामुदायिक वन र कबुलियति वनमा रुपान्तरण गरि वन विनाश रोकथाम तथा विस्तार गरि स्थानीय विपन्न समुदायको उपभोक्ताको आयआर्जन वृद्धी गरिनेछ । साथै निजी वन विस्तारलाई समेत प्रोत्साहित गरिनेछ ।
४. फिक्कलको महाभारत क्षेत्रलाई जडीबुटी पकेट(ब्लक) क्षेत्र र जोनमा सुपरजोन रुपान्तरण गरि जडीबुटीमा आधारित उद्योगहरुको स्थापना गरिनेछ ।
५.महाभारत क्षेत्रबाट बग्ने विभिन्न खोला खहरेहरुबाट हुने भुक्षय नियन्त्रण गर्न प्रभावित समुदायको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।
६. आगलागी, बाढिपहिरो लगायतका प्राकृतिक प्रकोपबाट हुने क्षति न्युनिकरण गर्नको  लागि जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
७. प्राकृतिक प्रकोप प्रभावितको खोज ,उद्धार तथा राहतको लागि विपत कोषको व्यवस्थापन गरिएकोछ ।
८.संघ, प्रदेश, छिमेकी प्रदेश र छिमेकी स्थानीय तहसगँ समन्वय गरि दमकलको व्यवस्था गरिनेछ ।
९.गाउँपालिका क्षेत्रभित्र समुदाय, नागरिक समाज, सामुदायिक वन, कबुलियति वन, निजी वन, वन डिभिजन कार्यालयको सहकार्यमा वृहत वृक्षारोपण कार्यक्रम अन्तर्गत विभिन्न स्थानीय जातको १० हजार विरुवा रोप्ने कार्यक्रम संचालन गरिनेछ ।

१०. वातावरणमैत्री घरनिर्माणको लागि एक घर १० बिरुवा, एक व्यक्ति १ फलफुल विरुवा रोप्ने अभियान संचालन गरिनेछ साथै विद्यालयहरुमा अध्ययनरत छात्राछात्राहरुलाई अतिरिक्त क्रियाकलाप अन्तर्गत विद्यालयसगँ समन्वय गरि वृक्षारोपण तथा बगैंचा निर्माण गरि संरक्षण गर्न र सार्वजनिक स्थलको संरक्षण तथा सरसफाई गर्न प्रोत्साहित गरिनेछ ।

११.वातावरण पर्यावरण तथा हरित विकासको लागि सार्वजनिक स्थलमाहरुमा पोखरी निर्माण तथा विरुवा रोप्ने कार्यक्रम संचालन गरिनेछ ।

१२.विपद ⁄ प्रकोप व्यवस्थापन,कोरोना,खडेरी,वाढी,पहिरो,भुक्षय,महामारी,आगलागी,चट्याङ्ग जस्ता विपदको पूर्व तयारी राहतको व्यवस्था,प्रकोप व्यवस्थापन,उद्धार र पुनर्स्थापनाका कामहरु सम्पादन गरिने छ ।

१३.पूर्वाधार विकासका क्रियाकलापहरु सञ्चालन गर्दा विपद जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाईन तथा ईष्टिमेट गर्ने व्यवस्था मिलाउने ।

१४.कोभिड-१९ बाहेकका विपदहरुको रोकथाम तथा न्युनिकरणको लागि पूर्वतयारी,प्रतिकार्य र सर्वसुलभका कार्यक्रमसञ्चालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा आवश्यक वजेटको व्यवस्था गर्ने ।

१५.वन्यजन्तु संरक्षण विषेश व्यवस्थापन गरिने छ ।

१६. फिक्कल क्षेत्रलाई पर्यटकिय वन धार्मिक वन तथा निजी वन निर्माण गरि वन संरक्षण तथा संवर्द्धन गरिने छ ।

१७. पर्यटकिय संभावना भएको फिक्कलको पर्यटन प्रवर्द्धनको लागि वाक्सु खोलामा वहुउपयोगी फिक्कल सरोवरका अध्ययन कार्य अगाडी बढाइने छ ।

### (६) शुसासन, सार्वजनिक सेवा तथा क्षमता विकास

सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समिति मार्फत कार्यालयहरुको सेवा प्रवाह चुस्त वनाउन शिक्षक,कर्मचारीहरुको क्षमता विकास सम्वन्धि तालिम,शिक्षक,कर्मचारी नियुक्ति,अवकास,आन्तरिक सरुवा,म्याद थप लगायत शुसासन व्यवस्थाका लागि आवश्यक प्रक्रिया सम्वन्धि सम्पूर्ण कार्यहरु समितिको सिफारिस मार्फत संचालन गर्ने व्यवस्था मिलाईएकोछ ।

१.गाउँपालिकाबाट प्रवाह गरिने सम्पूर्ण सेवालाई छिटो,छरितो,प्रभावकारी,सेवाग्राही मैत्री बनाउन र शुसासन कायम गर्न प्रशासन सेवालाई चुस्त दुरुस्त बनाईनेछ ।

२. गाउँ कार्यपालिका र वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवा तथा सुचनाहरुलाई विधुतिय उपकरण र सूचना प्रविधिको माध्यबाट उपलब्ध गराईनेछ ।

३ गाउँपालिकामा विधुतीय लेखा प्रणाली, विधुतीय कर प्रणाली, विधुतीय जिन्सी तथा योजना व्यवस्थापन प्रणाली अनिवार्य लागु गरिनेछ ।

४.सबै वडा कार्यालयहरुमा अनलाईन प्रणालीबाट घटना दर्ता गर्ने व्यवस्था मिलाईनेछ ।

५ सामाजिक सुरक्षा भत्तालाई प्रभावकारी बनाउन सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिको विवरण वडा कार्यालयको सूचना पाटीमा टास्ने व्यवस्था मिलाईनेछ ।

६. गाउँपालिका र प्रत्येक वडाहरुबाट प्रदान गरिने वस्तु तथा सेवाको गुणस्तरसम्बन्धी चौमासिक रुपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण कार्यक्रम संचालन गर्ने व्ययवस्था मिलाईनेछ ।

९. गाउँपालिकाको डिजिटल पार्वचित्र निर्माण गर्नको लागि सम्फौता भई कार्य अगाडी बढीरहेको तर उक्त कार्य आ.ब को अन्त्य सम्म समाप्त नहुने भएको हुँदा उक्त कार्यको आवश्यक अनुसारको म्यादथप गरि नपुग आवश्यक बजेटको व्यवस्था गरि पुरा गरिनेछ ।

१०.गाउँ कार्यपालिकाको प्रवक्ता मार्फत गाउँपालिकाले गरेका गतिविधिहरु मासिक रुपमा संचार माद्यमबाट सम्प्रेषण गर्ने व्यवस्था मिलाईनेछ

११.कार्यपालिकाले तोकेको सूचना अधिकारी मार्फत गाउँ कार्यपालिकाको कार्यालयसगँ सम्बन्धित सार्वजनिक सूचनाहरु सरोकारवालाहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

१२.जनमुखि सेवा प्रवाहको लागि गाउँपालिका र मातहतका वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको क्षमता विकासको लागि सीप तथा क्षमता विकास तालिम संचालन गरिनेछ ।

१३. गाउँपालिकाको स्वीकृत वार्षिक योजना, आवधिक, आवधिक प्रगति विवरणहरु र गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट स्वीकृत भई वेभसाईटमा समेत राखिनेछ ।

१४ जनप्रतिनिधि र कर्मचारीहरुलाई समन्वय र सकरात्मक सोच विकास अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

१५.प्रत्येक वडा १/१ सवओभर सिएर कृषि र पशु प्राविधिक कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१६ कार्यालयको सुरक्षा र गाउँपालिकाले लागु गरेको नीति, नियम र न्यायिक समितिको निर्णयहरु कार्यान्वयन गर्न मौजुदा रहेको ५ जना नगर प्रहरीबाट गाउँपालिकाको भौगोलिक अवस्थाको कारण सेवा प्रवाह हाल रहिरहेका ५ जना नगरप्रहरीको सेवा करारलाई निरन्तरता दिईनेछ । साथै अन्य सेवा करारका कर्मचारीहरुको नियुक्तिको म्याद थप सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिको सिफारिस वमोजिम गरिनेछ ।

१७. गाउँ कार्यपालिकामा कार्यरत स्थायी बाहेकका कर्मचारीहरुलाई योगदानमा आधारित सावधिक बिमा कार्यक्रम लागु गरिनेछ ।साथै निवृतिभरण कार्यक्रमले नसमेटने कर्मचारीहरुलाई निवृतिभरणको लागि कोष तथा विमा कार्यक्रम लागु गरिनेछ ।

१८गाउँपालिका स्थित विकास निर्माणको काममा रहेका कामदारहरुको सामुहिक दुर्घटना विमा कार्यक्रम संचालन गरिनेछ ।

१९गाउँपालिकाका पदाधिकारीहरुको १० लाख बराबरको दुर्घटना विमा कार्यक्रम लागु गरिनेछ ।

२०.यस गाउँपालिकाको नाममा कायम भएको वेरुजु फस्यौट गर्न लेखा समिति मार्फत सिफारिस भई आवश्यक प्रमाण जुटाई सम्परिक्षण गरि बेरुजु फस्यौट गर्ने व्यवस्था मिलाईएको छ ।

२१.गाउँपालिकाले आर्थिक कारोबारको आन्तरिक लेखापरिक्षण कार्य कम्तीमा वर्षको दुई पटकमा नघट्ने गरि गर्ने व्यवस्था मिलाईनछ ।

२२. करदाताहरुलाई प्रोत्साहित गर्नको लागि करदाता शिक्षा संचाचलन गरिनेछ ।साथै समयमै कर बुझाउने करदातालाई प्रोत्साहन गरिनेछ ।

२३. करदातामध्येबाट सवैभन्दा वढी कर तिर्ने करदातालाई पुरस्कृत गरिनेछ ।

२४. गाउँपालिकाको आर्थिक ऐन बमोजिम संकलन गरिने राजश्व सम्बन्धित वडा कार्यालयबाट संकलन गरिनेछ ।

२५. गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्यसम्पादनको आधारमा प्रोत्साहन भत्ताको व्यवस्था मिलाईनेछ ।

२६. गाउँपालिकाको कार्यालय परिसर खुला रहेको र भवनको संख्या तीनवटा भएको कारण गाउँपालिका भवन लगायत परिसरमा सरसफाई आवश्यक रहेको तर जनशक्ति कम भएको कारण उक्त कार्य समयमा सम्पन्न गर्न समस्या आएकोले उक्त कार्य गर्नका लागि २ जना सरसफाईकर्ता/कार्यालय सहयोगीको पद सृजना गरी पदपूर्ति गरी उक्त कार्य व्यवस्थित गर्ने व्यवस्थाका लागि आवश्यक बजेटको व्यवस्था मिलाईने छ ।

२७.यस गाउँपालिका अन्तर्गत सोल्पाठाना स्वास्थ्य चौकी लगायत गाउँपालिकामा अन्य उपलब्ध हुने एम्वुलेन्स र अन्य सवारी साधन संचालनका लागि २ जना हलुका सवारीचालकको पद सृजना गरी पदपूर्ति गर्नका लागि आवश्यक वजेटको व्यवस्था समेत मिलाईएको छ ।

२८. यस गाउँपालिका तथा वडा कार्यालयहरुबाट लिईने राजश्व तथा गैर राजश्व शुल्क दरमा विभिन्न संघ/संस्था/व्यक्तिहरुको सुझाव र राजश्व परामर्श समितिको सिफारिस बमोजिम करको दरमा पुर्नमुल्याङ्कन गरी आगामी आ.ब.देखि लिईने राजश्व शीर्षक अन्तर्गत केही शीर्षकमा कम गर्ने व्यवस्था मिलाईएको छ।

२९. सेवा प्रवाहको लागि आवश्यक पर्ने न्युनतम प्रशासनिक खर्चको लागि वजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवलम्वन गरिने छ।

३०. कोभिड-१९ को कारण उत्पन्न असहज परिस्थितिको सामना गर्न तत्कालीन आवश्यकता पहिचान ढाँचाबाट प्राथमिकतामा परेका क्रियाकलापहरु कार्यान्वय गर्न निजी क्षेत्र,स्थानीय तहमा कार्यरत गैरसरकारी संस्था,सहकारी संस्था तथा स्थानीय सामुदायिक संस्थाहरुलाई परिचालन गर्ने नीति लिने व्यवस्था मिलाईने छ।

३१. गाउँपालिकामा आवश्यकताको आधारमा १ जना इलेक्ट्रीसियनको दरबन्दी सृजना गरी सेवा करारमा राखिनेछ।

३२. विद्यालय र स्वास्थ्य चौकिको गुणस्तर सुधार गर्न सेवानिवृत्त जंगी र निजामती नागरिकहरुको संलग्नतामा रेखदेख तथा निरिक्षण कार्यदल गठन गरिनेछ। त्यस्ता कार्यदल मार्फत हरेक महिना गाऊँपालिकाले रिपोर्ट लिइ सेवा तथा गुणस्तरमा नियमित सुधार गरिनेछ।

३३. गाउँपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनमा स्थानीय गैरसरकारी संस्था तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरुलाई आमन्त्रण गरी साझेदारीको लागि अपिल गरिनेछ।

३४.**NGO/INGO** बाट संचालन गर्ने कार्यक्रमलाई गाउँसभामा अनिवार्य रुपमा पेश गरी गाऊँपालिका को वार्षिक वजेटको रुपमा मुलप्रवाहीकरण गरिनेछ।

३५. वेभसाइट मार्फत गाऊँ सरकारको आम्दानी तथा खर्च त्रैमासिक रुपमा सार्वजनिक गरिनेछ।

३६. विकासका वार्षिक योजना निर्माण र कार्यन्वयनमा समुदाय परिचालनका लागि साविकका वडालाई समेटेर टोल विकास संस्था गठन गरि सक्रिय वनाइनेछ।

३७.सवै वडाको घरधुरी दर्ता गरि घरधुरी पहिचानको लागि निश्चित कोड प्रदान गरिनेछ।

३८. एकिकृत तथ्यांक ब्यवस्थापन प्रणाली सुरुवात गरिनेछ। पारिवारिक विवरण (Family Folder) स्थापना गरि सफ्टवेयर मार्फत वडाहरु बाटै तथ्यांक अद्यावधिक हुने ब्यवस्था शुरु गरिनेछ।

३९.उच्च प्रविधिको प्रयोग गर्नुपर्ने र ठूला लागत बाहेकका आयोजनाहरुको कार्यान्वयन उपभोक्ता समिति, सहकारी र सामुदायिक संस्थाहरु मार्फत कार्यान्वयन गरिनेछ। उपभोक्ता समितिहरुलाई प्रभावकारी परिचालन गर्न उपभोक्ता समिति परिचालन कार्यविधि तर्जुमा गरिनेछ।

४०.गाउँपालिकाको योजनाबद्ध विकासका लागि ३ वर्षे मध्यमकालीन खर्च संरचना निर्माण गरिनेछ।

४१. संगठन ब्यवस्थापन सर्भेक्षण कार्य सम्पन्न गरि गाउँपालिकाको जनशक्ति आवश्यकता पहिचान गरिनेछ। सो का आधारमा स्थानीय कर्मचारी सेवा सम्वन्धी कानुन तर्जुमा गरिनेछ।

४२. गाउँपालिका भित्र रिक्त रहेका प्राविधिक कर्मचारीको पदपुर्तिका लागि करार प्रणालीको अवलम्बन गरिनेछ, सो कार्यलाई व्यवस्थित गर्न एक कार्यविधि निर्माण गरिनेछ।

**(७) न्यायिक कार्य सम्पादनः**

(१) गाउँपालिकाको न्यायिक समितिको कार्यालयमा न्यायिक ईजलासको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

(२) गाउँपालिकास्थित सामुदायिक मेलमिलाप केन्द्रमा कार्यरत मेलमिलापकर्ताको क्षमता विकासको लागि कार्यक्रम संचालन गरिनेछ ।

(३) न्यायिक समितिमा कार्यरत कर्मचारीको क्षमता विकास तथा दक्ष कर्मचारी व्यवस्थापन गरिनेछ ।

(४) न्यायिक समितिको क्षेत्राधिकार भित्रका मुद्धाहरुलाई द्रुत सम्पादन गरि सेवाग्राहीमैत्री बनाईनेछ ।

(५) हालको कानुनी व्यवस्थाको बारेमा गाउँपालिका बासीहरुलाई कानुन सम्बन्धि सचेतनामुलक कार्यक्रम न्यायमा पंहुच कार्यक्रम संचालन गरि सुसुकित गरिनेछ ।

(६) गाउँपालिकाको न्यायिक समितीको दैनिक काम गर्न १ जना सहायक स्तरको कर्मचारी व्यवस्थापन गरी सेवा प्रवाहलाई चुस्त पारिने छ ।

(७) गाउँपालिकाको कार्यालयमा नागरिक वडापत्र राख्ने व्यवस्था मिलाईनेछ ।

(८) गाउँपालिकामा दर्ता हुन आएका सवै विवादहरुलाई छिटो र छरितो छिनोफानो हुने व्यवस्था मिलाइनेछ । यसका लागि सामुदायीक मेलमिलाप केन्द्रहरुलाई अधिकतम परिचालन गरिनेछ ।

(९) उपरोक्त नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि निम्नलिखित ऐन, नियम, निर्देशिका, कार्यविधिहरु तत्काल तर्जुमा गरी लागु गरिनेछ :

- गाउँपालिकाको विनियोजन ऐन
- गाउँपालिकाको आर्थिक ऐन
- स्थानीय कर्मचारी सेवा ऐन
- कृषि उत्पादन प्रोत्साहन मूल्य सहायता कोष कार्यविधि
- व्यवसाय तथा स्वरोजगार प्रवर्द्धन कोष नियमावली
- स्वास्थ्य चौकी व्यवस्थापन नियमावली
- युवा रोजगार कोष संचालन कार्यविधि

सभाध्यक्ष तथा सदस्यहरु

अन्त्यमाआ.ब.२०७७/०७८ का लागि यस गाउँपालिकाको तपसिलमा उल्लेखित कुल बार्षिक बजेट माथि उल्लेखित नीति तथा कार्यक्रम बमोजिम विनियोजन हुने गरी वजेट विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

सर्शत/निःसर्शत/संघीय राजश्व/आन्तरिकको कुल जोड

| सि.न. | विवरण | रकम |
|---|---|---|
| | संघीय समानिकरण अनुदान | ७९६०००००।०० |
| | प्रदेश समानिकरण अनुदान | ९९,५९,०००।०० |
| | संघीय विशेष | १६००००००।०० |
| | प्रदेश विशेष | ३००००००।०० |
| | संघीय सशर्त अनुदान | १८,३९,००,०००।०० |
| | प्रदेश सशर्त अनुदान | १८८,३८,०००।०० |

| | | |
|---|---|---|
| | आन्तरिक स्रोत तर्फको अनुमानित आय | ७७७०,०००।०० |
| | संघीय राजश्व वाडँफाँड | ६,९८,५७,९७०।०० |
| | प्रदेश समपुरक कोष | ३००००००००।०० |
| | प्रदेश राजश्व वाडँफाँड | २०१३७०००।०० |
| | प्राकृतिक रोयल्टी वापत | ४८३३५४।०० |
| | कुल जम्मा | ४३९५४५३२४।०० |

सभामा पेश भएको मिति : २०७७ असार १० गते
रु.हजारमा

| विवरण | आन्तरिक श्रोत | राजश्व बाँडफाडबाट प्राप्त हुने रकम | वितीय समानीकरण अनुदान | सशर्त अनुदान | विशेष र समपुरक अनुदान | प्राकृतिक स्रोतको रोयल्टि | आन्तरिक ऋण | कुल बजेट | खर्च प्रस्ताव | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | चालु | पूँजिगत |
| संघ | - | ६९८५७.९७० | ७९६०० | १८३९०० | १६००० | ४८३.३५४ | | ३४९८४१.३२४ | ६९८५७.९७० | २७९९८३.३५४ |
| प्रदेश | - | २०१३७ | ९९५९ | १८८३८ | ३३००० | - | | ८१९३४ | - | ८१९३४ |
| स्थानीय तह | ७७७० | - | - | - | - | - | | ७७७० | - | ७७७० |
| जम्मा | ७७७० | ८९९९४।९७० | ८९५५९ | २०२७३८ | ४९००० | ४८३.३५४ | | ४३९५४५.३२४ | ६९८५७.९७० | ३६९६८७.३५४ |